वर्ष : १४, अंक : २४, काठमाडौं, २०७५ असोज १२ गते शुक्रबार 28 September 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।**

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मोदी फेरि नेपाल आउँदै



काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आगामी नोभेम्बरको अन्तिम साता पुनः नेपाल आउने भएका छन् । गत अगस्ट महिनामा मात्र बिम्स्टेक सम्मेलनका लागि नेपाल आएका मोदीको अर्को भ्रमण नोभेम्बरका लागि तय भएको नेपालस्थित भारतीय दूतावासले जनाएको छ । पाँचौं नेपालको भ्रमणका क्रममा मोदीले बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने छन् । नोभेम्बर महिनाको २८ र २९ मा नेपाल भ्रमण गर्ने तय भएपनि यो मिति परिवर्तन हुन सक्ने दूतावासले जनाएको छ । प्रधानमन्त्री भएको ४ वर्षमा मोदीले नेपलाको भ्रमण पनि ४ पटक गरिसकेका छन् । मोदीको प्रधानमन्त्रीत्व कालमा सायद नोभेम्बरमा हुने नेपाल भ्रमण अन्तिम हुनेछ । आगामी वर्ष भारतमा आम निर्वाचन हुँदैछ । यसअघि, प्रधानमन्त्री भएको केही महिनामै पहिलो पटक काठमाडौं आउँदा मोदीलाई जनस्तरबाट जबरजस्त स्वागत भएको थियो । नोभेम्बरमा हुने भनिएको मोदीको नेपाल भ्रमणमा उच्चस्तरीय वार्ता पनि हुने जनाइएको छ । तर, कुन कुन उद्देश्यले आउन लागेका हुन सो विषयमा भने कुनै खुलासा भएको छैन । नेपाली पक्षले भने यो भ्रमणबारे कुनै जानकारी दिएको छैन ।

## संविधान संशोधन हुनुपर्छ : उपप्रम यादव



विराटनगर । उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री उपेन्द्र यादवले संविधान संशोधन हुनुपर्ने धारणा राखेका छन् । उनले संविधानमा धेरै त्रुटीहरू रहेको जिकिर गरेका छन् । संघीय समाजवादी फोरम नेपाल प्रदेश नं १ स्तरीय प्रथम भेलाको उद्घाटन गर्दै उपप्रधानमन्त्री यादवले यस्तो कुरा बताएका हुन् । उनले संविधानमा उल्लिखित मौलिक हक उपभोग गर्न कानूनहरू बन्नुपर्ने बताएका छन् । फोरम नेपालका अध्यक्षसमेत रहेका यादवले संविधान विभेदकारी बन्न नहुने तर्क गर्दै संविधानलाई संशोधन गरेर प्रदेशलाई अधिकार सम्पन्न गर्नुपर्ने धारणा राखे । साधन र स्रोतविहीन प्रदेश कहिले पनि बलियो हुन नसक्ने भन्दै उनले जनताको आधारभूत आवश्यकता पूरा गर्न गरीबी र बेरोजगारी समस्या समाधान हुनुपर्ने बताए । उनले विभाजन र शासनको मानसिकता हटाउन राजनीतिक दलका नेतालाई आग्रह गरेका छन् ।

## संसदमा गृहमन्त्रीको झुठो अभिव्यक्ति : राउत



काठमाडौं । प्रहरी हिरासतमा मृत्यु भएका बाँकेका युवा राम मनोहर यादवको विषयमा संघीय संसदमा गृहमन्त्री रामबहादुर थापा बादलले झुठो कुराहरू गरेको प्रस्तुत गरेको दाबी स्वतन्त्र मधेश गठबन्धनले गरेको छ । गठबन्धनका संयोजक डा.सीके राउतले गृहमन्त्रीको जवाफमा कुनै सत्यता नरहेको बताएका छन् । सामाजिक सञ्जालमार्फत उनले यस्तो दाबी गरेका हुन् । राम मनोहरको हिरासतमा भएको मृत्युको सन्दर्भमा सांसदहरूले उठाएका प्रश्नको जवाफमा गृहमन्त्री बादलले उपचारका लागि अधिकतम् प्रयास गरेको, हेलिकप्टरबाट काठमाडौं ल्याइएको, प्रहरी हिरासतमा मृत्यु नभएको र परिवारलाई राखेर पोष्टमार्टम गरिएको लगायतका कुराहरू जवाफ दिएका थिए । यता, गठबन्धनका संयोजक राउतले यी कुराहरूको खण्डन गरेका छन् । गठबन्धनका बाँके जिल्ला संयोजक इरफान शेष पनि राम मनोहरसँगै पक्राउ परेका थिए । उनका अनुसार प्रहरी हिरासतमा आफूहरूलाई प्रहरीले कुटपिट गरेको, इन्काउन्टर गर्ने धम्की दिएको आरोप लगाएका छन् । उनले हिरासतमा राम मनोहर विरामी पर्दा उनलाई प्रहरी कुनै वास्ता नगरेको आरोपसमेत लगाएका छन् ।

**बाँकी पृष्ठ ८ मा**

## राम मनोहरको मृत्युको कारण रोग होइन, प्रतिशोध हो : गठबन्धन




काठमाडौं । प्रहरी हिरासतमा मृत्यु भएका बाँकेका राम मनोहर यादवको हत्या भएको आरोप स्वतन्त्र मधेश गठबन्धनले लगाएको छ । राम मनोहरको मृत्यु कारण रोग नभई जानी जानी मारेको गठबन्धनको ठहर छ ।

गठबन्धनले सोमबार मधेश मिडिया हाउसमा पत्रकार सम्मेलन गरी यस्तो आरोप लगाएको हो । प्रहरीले यसअघि पनि राम मनोहर लगायतका नेता कार्यकर्ताहरूलाई ज्यान मार्ने लगायतका धम्की दिँदै आएको गठबन्धनले खुलासा गरेको छ ।

पत्रकार सम्मेलनमा गठबन्धनले सार्वजनिक गरेको विज्ञप्तिमा भनिएको छ, 'यसभन्दा अगाडि, २०७२ साल चैत्र ६ गते नेपालगन्जको महेन्द्रपार्कबाट समातेर यादवसहित ८ जनामाथि नेपाल सरकारले राज्यविप्लवको मुद्दा चलाएको थियो । सो मुद्दामाथि सुनुवाई गर्दै विशेष अदालतले २०७४ साल फाल्गुण ३ गते सफाई दिएको थियो । २०७३ साल मंसिर १० गते पनि स्वतन्त्र मधेश गठबन्धनले नेपालगन्जमा आयोजना गरेको 'रंगभेदी दिवस' को अवसरमा यादवलाई नेपाल

**बाँकी पृष्ठ ८ मा**



## प्राप्त उपलब्धीलाई रक्षा गर्दै बाँकीका लागि संघर्ष गर्नुपर्छ

: रेणुकुमारी यादव

अन्तर्वार्ता पृष्ठ ३ मा

## संघीय संसदको दोस्रो अधिवेशन सम्पन्न

# मधेशका लागि हर्ष न विष्मात्

मधेशवाणी डेस्क

काठमाडौं । नेपालको संविधान, २०७२ जारी भएको तीन वर्ष बितिसक्दा पनि देशको आधाभन्दा बढी जनसंख्याले स्वीकार गर्न सकेको छैन । जुन अवस्था संविधान जारी भएको थियो अहिलेसम्म पनि त्यहीं अवस्था यथावत् रहेको छ । यस तीन वर्षको अवधिमा संघीय संसदको दोस्रो अधिवेशन पनि सम्पन्न भइसकेको छ । मुलुकमा संविधान जारी भइसकेपछि विकास र समृद्धिको दिशामा अगाडि बढ्नुपर्ने थियो तर, दिनानुदिन असन्तुष्टिहरू बढ्दै गइरहेको छ । मधेशको सन्दर्भमा यो संविधान लागू भएको देखिदैन । त्यहीं संविधानलाई टेकेर तीनै तहको निर्वाचन सम्पन्न भइसक्दा पनि सर्वस्वीकार्यता नहुनु र संविधान कार्यान्वयनतर्फ अगाडि नबढ्नु यो संघीय संसदको असफलता नै मान्नुपर्छ ।

संविधान त्रुटिपूर्ण छ भनेर जारी गर्ने दलहरूले नै स्वीकार गरिसकेको अवस्थामा संसदको पहिलो प्राथमिकतामा संविधान संशोधन पर्नुपर्ने थियो । तर, दुर्भाग्य संशोधनको मुद्दाले प्रवेश नै पाएन । नेपालकै इतिहासमा शक्तिशाली सरकार रहेको दाबी गरिएन पनि नेपाली जनताले त्यसको अनुभूति गर्न पाएका छैनन् । मधेशमा अहिले पनि संविधानप्रति असन्तुष्टिहरू कायम छन् ।

संविधान संशोधन, मधेश आन्दोलनका क्रममा झुठा मुद्दा लागी राजबन्दी रहेकाहरूको रिहाई, सांसद रेशमलाल चौधरीको रिहाई तथा शपथ ग्रहण, मुद्दा फिर्ता, शहीद घोषणा गर्न बाँकी लगायतका मुद्दाहरू सरकारको प्राथमिकतामा नपर्नु मुलुकलाई अझ पनि द्वन्द्वात्मक प्रयोगशाला बनाउने षड्यन्त्र पनि हो ।



संविधान संशोधन जनताको आवश्यकता हो कि मधेशकेन्द्रित दलहरूको भन्ने विषयमा अझ पनि सत्तापक्ष स्पष्ट भइसकेका छैनन् ।

**संघीयता असफल बनाउन खोजेको आरोप**

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका उपनेता विजयकुमार गच्छदारले प्रधानमन्त्री ओलीले विगतमा सर्वपक्षीय बैठकहरूमा संघीयता विरोधी अभिव्यक्ति दिने गरेको भन्दै प्रधानमन्त्री भएका बेला संघीयता असफल बनाउन खोजेको आरोपसमेत लगाएका छन् । सरकार शान्ति सुरक्षा कायम गर्न असफल देखिएको भन्दै सत्तापक्षले नै सरकारको विरोध गरेको पहिलो पटक देखेको गच्छदारले टिप्पणी गरे । 'सत्ता पक्षबाटै सरकारको आलोचना । आलोचनामात्रै होइन सरकारको निरिहताबारे, सरकारको क्रियाकलापप्रति लज्जाबोध गर्ने खालको अभिव्यक्ति आएको छ ।' उनले भने ।

**'संशोधन नभए संविधानको दुर्गति हुने'**

राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेता राजेन्द्र महतोले संविधान संशोधन नभए यो संविधानको पनि दुर्गति हुने दाबी गरेका छन् । उनले मधेशको माग समेटेर संशोधन नगरेमा यो संविधान पनि विगतमा ६ वटा संविधानजस्तै दुर्गति हुने बताएका छन् । संसद बैठकलाई सम्बोधन गर्दै उनले पटक पटक माग गरे पनि सरकार कानमा तेल हालेर बसेको आरोप लगाए । उनले आफूहरूको धैर्यताको बाँध टुटे मुलुकमा धेरै कुराहरू टुट्ने चेतावनीसमेत दिएका छन् । साथै, उनले संसदको दोस्रोत अधिवेशन सुखद नरहेको बताए ।

**दोस्रो अधिवेशनमा ८९ बैठक**

संसदको दुबै सदन प्रतिनिधिसभा र राष्ट्रियसभाको अधिवेशन बिहीबार सकिएको छ । सभामुख कृष्णबहादुर महराले राष्ट्रपति विद्यादेवी भण्डारीले पठाएको पत्र बाचन गरी बिहीबार राति १२ बजेदेखि संसद बैठक स्वतः अन्त्य भएको जानकारी गराएका हुन् । गत वैशाख २३ गते आइतबार सुरू भएको प्रतिनिधिसभाको बैठक असोज ११ गते सकिएको हो । यो अवधिको १ सय ३५ दिनमा ८९ पटक बैठक बसी १ सय ९३ घण्टा संसदीय काम कारबाही भएको प्रतिनिधिसभाका सभामुख कृष्णबहादुर महराले जानकारी दिए । संसदको यस अधिवेशनमा संसदीय समितिहरूको गठन र सभापतिसमेत चयन भएका छन् । सांसद र मन्त्रीहरूबीच प्रश्नोत्तर कार्यक्रम पनि गरिएको सभामुख महराले जानकारी दिए ।

**मधेशमा हर्ष न विष्मात्**

नेपालमा इतिहासमै शक्तिशाली सरकारले मधेशका असन्तुष्टिहरू सम्बोधन गर्न सकेको अवस्था छैन । नेपालका हरेक निकाय रहेका असमानता र विभेदहरूको अन्त्य भएको छैन । अहिले पनि सरकारले गर्ने नियुक्तिहरूमा समानुपातिक समावेशिताको सिद्धान्तलाई आत्मसात गरेको देखिदैन । संघीय संसदको दोस्रो अधिवेशनमा मधेशका मुद्दाहरू प्रवेश नपाउनुले संविधानप्रति अपनत्व महसुस भएको छैन । तसर्थ, संसदको दोस्रो अधिवेशन समाप्त हुँदा पनि यसको उपलब्धी केही नहुँदा मधेशमा हर्ष न विष्मात्को अवस्था रहेको छ । संविधानप्रति अपनत्व बढाउन र सर्वस्वीकार्य बनाउन अविलम्ब संविधान संशोधनको प्रक्रिया अगाडि बढाउनु आजको आवश्यकता हो । औचित्य र आवश्यकता यो सरकारले अहिलेसम्म पनि महसुस नगर्नु संघीयतालाई असफल पार्ने षड्यन्त्र हो कि भन्ने शंका उपशंकाहरू पनि गर्न थालिकाएको छ । तसर्थ, समयमै आवश्यकता र औचित्य बुझी सरकार गम्भीर हुनुपर्छ ।

## टीकापुर घटनाका प्रतिवेदनहरू सार्वजनिक गर्न माग

काठमाडौं । आदिवासी थारू समुदायको राष्ट्रिय साझा संस्था थारू कल्याणकारिणी सभाको २२औं राष्ट्रिय महाधिवेशन काठमाडौंमा सम्पन्न भएको छ । **"थारू समुदायको आह्वान, आत्मनिर्णयको अधिकार सहित थरूहट स्वायत्त प्रदेशको निर्माण"**

थाकसको घोषणापत्र पृष्ठ ५ मा

मूल नाराका साथ सम्पन्न भएको तीन दिवसीय राष्ट्रिय महाधिवेशनले सभाको नयाँ नेतृत्व चयन गर्नुको साथै नीति, योजना तथा भावी संघर्षका कार्यक्रमहरू पारित गरेको छ । थाकसले २२ बुँदे काठमाडौं महाधिवेशनको घोषणपत्रसमेत सार्वजनिक गरेको छ । २२ बुँदे घोषणापत्रमा कैलाली निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित रेशम लाल चौधरीको रिहाई तथा शपथ ग्रहणदेखि टीकापुर घटना छानबिनका लागि गठित विभिन्न आयोगहरूको प्रतिवेदनसमेत सार्वजनिक गर्न सरकारसँग माग गरेको छ ।

## संघले प्रदेशलाई नचाहेर जन्मेको बच्चा जस्तो व्यवहार गरिरहेको छ : मुख्यमन्त्री राउत



वीरगन्ज । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले संघीय सरकारले प्रदेश सरकारलाई नचाहेर जन्मेको बच्चा जस्तो व्यवहार गरिरहेको आरोप लगाएका छन् । संघीय समाजवादी फोरम नेपालको जिल्लास्तरीय प्रशिक्षण कार्यक्रममा मन्तव्य राख्दै मुख्यमन्त्री राउतले प्रदेश सरकारलाई असफल बनाउन संघीय सरकारले प्रयत्न गरिरहेको उनको आरोप छ । उनले संघीय सरकारकै असहयोगका कारण आफूहरूले सोचेअनुसार काम गर्न नसकेको बताएका छन् । उनले संघीय सरकारले काठमाडौंमा थर्ड क्लास भनिएका कर्मचारीहरू प्रदेशमा पठाएको आरोपसमेत लगाए ।

## समय सन्दर्भ

संगीता रेग्मी



# मुद्दाविहीन मधेशी दल, राउतको बढ्दो जनलहर

**फोरम र राजपालाई आफ्नो पक्षमा पारेकै आधारमा मधेशको समस्या समाधान भइसक्यो भन्ने सोच यदि संघीय सरकारले बनाएको छ भने त्यो मधेशको यथार्थ होइन ।**

कतै दिपावली त कतै कालो दिवसको नाम दिएर संविधान दिवस मनाइएको छ । देश संघीय व्यवस्थामा जानु १० वर्षे लामो माओवादी जनयुद्ध र पटक पटक भएको मधेश आन्दोलनकै उपज हो । अहिले देशको अवस्था देखेर ती आन्दोलनका क्रममा सहादत प्राप्त गरेकाहरूको आत्माले शान्ति पाउन सकेको होला ? संविधानसभाबाट बन्ने हामीले परिकल्पना गरेको संविधान यस्तै हो त ? मधेशी दलहरूले विगत ३ वर्षदेखि उठाउँदै आएका संविधान संशोधनको माग कहिले पुरा होला ? यस्ता प्रश्नहरूको उत्तर आजसम्म अनुत्तरित नै छन् । देशमा दिनानुदिन बढ्दै गएको बलात्कार, हत्या, हिंसा, एसिड आक्रमण, घृणा, विखण्डनकारी अभिव्यक्ति लगायतका घटनाक्रमलाई हेर्दा हामीले निर्माण गरेको संविधान र कानुन निरर्थक भएको आभाष हुन थालेको छ । विकास भन्ने बित्तिकै हुने विषय होइन तर यस्ता अपराधिक क्रियाकलाप रोक्नतिर बलियो सरकारले ध्यान नदिनु दुःखद हो ।

संविधान बन्दै गरेको अवस्थामा तत्कालीन मधेशी मोर्चालाई बाहिर राखेर फास्टट्र्याकबाट संविधान जारी गरियो, बन्दै गरेको संविधानमा मधेशी, आदिवासी जनजाति, दलित, थारू, मुस्लिम, महिला लगायत उत्पीडित समुदायको मुद्दालाई समावेश गरिएन भनेर अन्सतुष्ट रहेको पक्षलाई अहिलेसम्म पनि सन्तुष्ट बनाउन सकिएको छैन । संविधान दिवसको अवसरमा राष्ट्रिय जनता पार्टी नेपाल र संघीय समाजवादी फोरमको बीचमा देखिएको मतभिन्नतालाई हेर्दा यी दलहरू आफै भित्र अलमल्लिएको भान हुन थालेको छ । प्रदेशमा यिनै २ दल मिलेर सरकार संचालन गरिरहेको अवस्थामा संविधान दिवसको अवमूल्यन गर्नु त्यति उपयुक्त होईन । प्रदेश २ का मुख्यमन्त्रीले संविधान दिवसमा सार्वजनिक कार्यक्रमको मञ्च प्रयोग गरेर संविधान भित्रका आफ्ना विमति राख्न सक्थे, जनमत बनाउन सक्थे/ तर उनले त्यसो नगरेर मौन बस्नु मुख्यमन्त्रीको अपरिपक्क निर्णय भयो । मतादेश पाएर प्रदेशमा सरकार संचालन गरिरहेका यी दुई दलमध्ये केन्द्रमा फोरम प्रत्यक्षरूपमा सरकारमा सहभागी भइसकेको अवस्था छ भने राजपाले पनि अप्रत्यक्ष रूपमा सरकारलाई सघाइरहेको अवस्था छ फेरि विरोध किन ?

मधेशका दुई ठूला दलहरूमध्ये उपेन्द्र यादव पदीय स्वार्थ र सत्ताको सुख भोग गर्न सरकारमा सहभागी भएका र पदीय दायित्व पूरा गर्न संविधान दिवसको दिन मौन बस्नुपरेको मधेशी जनताको बुझाइरहेको छ भने अर्कोतिर राजपाले संविधान संशोधनको उधारो आश्वासनलाई पत्याएर ओली सरकारलाई समर्थन गरेकोमा मधेशी जनताको आक्रोश पनि रहेको छ । संविधान संशोधन मार्फत आफ्ना अधिकार प्राप्त होला भन्ने आशामा रहेका त्यस क्षेत्रका जनता, शहिद परिवारका सदस्यहरू निराश हुन थालेको अवस्था एकातिर छ भने संविधान संशोधन नहुने हो भने सरकारलाई दिएको समर्थन फिर्ता लिन्छौं भनेर राजपा नेपाल तम्सिएको अवस्था पनि छ । सरकारले आवश्यकता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ भनिरहँदा त्यो निर्धारण गर्ने कसले र कहिले हो ? राजपालाई अत्तोपत्तो छैन । कहिल्यै पूरा हुने हो थाहा नभएको उधारो आश्वासनको भरमा राजपाले सरकारलाई समर्थन गर्दा ऊप्रति जनमानस आक्रोशित छ ।

यसरी मधेशका दलहरू आन्तरिक कलहमा रूमलिरहेको अवस्था र फोरम राजपालाई आफ्नो पक्षमा पारेकै आधारमा मधेशको समस्या समाधान भईसक्यो भन्ने सोच यदि संघीय सरकारले बनाएको छ भने त्यो मधेशको यथार्थ होईन । विभेद जारी नै रहिरह्यो

**बाँकी पृष्ठ ८ मा**



## सम्पादकीय



# समृद्ध मधेशको परिकल्पना

लामो राजनीतिक क्रान्तिको सफलताबाट लोकतान्त्रिक संविधान निर्माणसँगै मुलुकलाई धनी र मुलुकवासीलाई खुशी बनाउनका लागि आर्थिक क्रान्तिको प्रारम्भ भएको छ । नेपालको संविधान २०७२ जारी भएसँगै देशलाई सम्पन्न र सम्मानित बनाउन समृद्धिको अभियान सुरू भएको छ । अब प्रदेश तथा स्थानीय तहका सरकारहरूले पनि आ-आफ्नो प्रदेश तथा स्थानीय तहहरूलाई समृद्ध बनाउने आधारहरू खोज्ने अभियान शुरू गरेका छन् । यसै सन्दर्भमा प्रदेश २ मा समृद्धिको प्रशस्त आधारहरू छन् । कृषि, पर्यटन, उद्योग, व्यापार, स्वास्थ्य र शिक्षा मुख्य समृद्धिका आधारहरू भएकाले यिनीहरूको उचित सम्बर्द्धन र प्रवर्द्धन गर्न सके यस प्रदेशका साथै समग्र मुलुकलाई नै चाँडै समृद्ध बनाउन सकिन्छ । छिमेकी मित्र राष्ट्र भारतसँग सिमाना जोडिएको यस प्रदेशले सीमा नाकाबाट ठूलो मात्रामा राजस्व संकलन गरी प्रदेशलाई थप समृद्ध बनाउन सकिन्छ । विकास तथा समृद्धिको मुख्य पूर्वाधारको रूपमा रहेको सडक यातायात र हवाई यातायातको समेत राम्रो सुविधा भएको प्रदेश २ मा जनकपुर, सिमरा र राजविराजमा गरी ३ वटा विमानस्थल सञ्चालनमा छन् भने सडक यातायतले पनि सबै जिल्ला जोडिएका छन् । पर्यटन उद्योगको ठूलो सम्भावना बोकेको यस प्रदेशमा हिन्दूहरूको आस्थाको केन्द्र जनकपुरधामको जानकी मन्दिर, बाराको गढीमाइ, सप्तरीको छिन्नमस्ता र कंकालिनी प्रसिद्ध धार्मिक केन्द्रहरू हुन् । यस्ता धार्मिक तीर्थस्थलले समेत यस प्रदेशको पर्यटन उद्योगको विकासमा महत्वपूर्ण स्थान ओगटेका छन् । यस प्रदेशका धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलहरूमा पर्यटन आगमनलाई वृद्धि गरी तारे होटलका साथै होमस्टेहरू खोल्ने वातावरण बनाउनु अहिलेको आवश्यकता छ । यस्तै कृषि क्षेत्रमा पनि प्रदेशको ठूलो योगदान रहेको छ । विशेषगरी धान, गहुँ, जुट, सुपारी, केरा प्रशस्त मात्रामा उत्पादन हुन्छ भने आँप पनि यसै प्रदेशमा सबैभन्दा बढी उत्पादन हुने गरेको छ । यस प्रदेशलाई आँपको राजधानी उपनामले पनि चिनिन्छ । यहाँ उत्पादन भएका ताजा तरकारी तथा माछा स्वदेशी बजारका साथै भारत तथा बङ्गलादेशमा समेत निर्यात गरी कृषकहरूले आम्दानी गरिरहेका छन् ।

औद्योगिक नगरको रूपमा परिचित वीरगञ्ज उपमहानगरपालिका क्षेत्रमा स्थापना भएका ठूलाठूला उद्योगहरूले समेत रोजगार स्थापनाका साथै व्यापार व्यवसायमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेकाले उद्योग मैत्री औद्योगिक सुरक्षा नीति ल्याई थप ठूलाठूला उद्योगहरू स्थापना गर्ने वातावरण बनाउन सके आर्थिक समृद्धिको आधार बन्न सक्छ । यसर्थ, प्रदेश नम्बर २ स्रोत र साधनका दृष्टिकोण प्रचुर सम्भावना भएको प्रदेश हो । २१औं

**प्रदेश २ स्रोत र साधनका दृष्टिकोणले प्रचुर सम्भावना भएको प्रदेश हो । २१औं शताब्दीको विकासको मुख्य आधार जनशक्ति हो । यदि यस प्रदेशमा भएका जनताको सीप र क्षमता अभिवृद्धि गरी दक्ष बनाउने हो भने आगामी केही वर्षभित्र यो प्रदेश दुनियाँको उत्कृष्ट मानव बस्तीमा रूपान्तरण हुन सक्छ ।**

शताब्दीको विकासको मुख्य आधार जनशक्ति हो । यदि यस प्रदेशमा भएका जनताको सीप र क्षमता अभिवृद्धि गरी दक्ष बनाउने हो भने आगामी केही वर्षभित्र यो प्रदेशको दुनियाँको उत्कृष्ट मानव बस्तीमा रूपान्तरण हुन सक्छ । यस प्रदेशका अधिकांश समस्याहरू सुशासनसँग सम्बन्धित छन् भने सुशासन आउने आमूल सकारात्मक परिणामले प्रदेशका जनताहरूलाई स्वयमको पहलमा सकारात्मक रूपान्तरणको नेतृत्व गर्न अभिप्रेरित गर्नेछ । वितरणमुखी र निर्वाहमुखी विकास सोच र अवधारणाले प्रदेशलाई सदियौंसम्म पछौटेपन र गरीबीकै चंगुलमा जकडेर राख्ने हुँदा नीति निर्माताहरूले भविष्यमुखी रूपान्तरणकारी सोचमा आधारित विकासको मार्ग तय गर्न जरूरी छ । यस कारण २ नम्बर प्रदेशमा कमी स्रोतको होइन, अभाव स्रोतलाई आर्थिक सामर्थ्यमा रूपान्तरण गर्ने दूरदृष्टि र रणनीतिको मात्र हो । स्रोतको उपयोगमा प्रदेशहरूबीच आपसी साझेदारी संघीयताको आर्थिक आयाममा प्रभावकारी उपाय बन्न नसक्ने कारण छैन । ठूलो जनसंख्या समेटेर बसेको २ नम्बर प्रदेशले मानव संसाधनमा जोड दिएर ती प्रदेशलाई जनशक्ति आपूर्ति गर्न सक्छ । जलविद्युतको प्रचुर सम्भावना बोकेका प्रदेशले २ नम्बरलाई ऊर्जा उपलब्ध गराउन सक्छन् । उद्योग र व्यापारका लागि सहज २ नम्बरले आकर्षण दिएर अन्य प्रदेशका लगानीकर्तालाई प्रोत्साहन गर्न असम्भव छैन । कर्णालीमा खाद्यान्नको अभाव छ । खेतीयोग्य जमीनको अभावमा कर्णालीले भोगेको भोकको पीडालाई २ नम्बरले समाधान गर्न सक्छ । संघीयता सापेक्ष आर्थिक विकास र समृद्धिको साधन हो भने यसलाई सन्तुलित ढङ्गबाट अघि बढाउनुको अर्को सुविधा उपलब्ध छैन । संघीयता कार्यान्वयनको चरणमै देखिएका सीमित बेथिति यसको औचित्यमा प्रश्न बनेर प्रकट भएका छन् । संघीयता नेपालका निम्ति नौलो राजनीतिक प्रयोग भएकाले पनि यस्ता चुनौती अस्वाभाविक पनि होइनन, तर फरक मतलाई आरोपित गरेर मात्र नेतृत्वको दायित्व पूर्ण हुँदैन । आलोचनामै आत्मरित खोजेर मूल कार्यभारलाई छुटाउँदै जाने हो भने संघीयताको हिसाबकिताब महँगो सावित हुनेमा द्विविधा मानिराख्नु पर्दैन । सम्भावनाहरूको रणनीतिक उपयोगमा सार्थक प्रयासको बलमा अबको ५ वर्षमा कम्तीमा विकास र समृद्धिको पर्याप्त आधार निर्माणमा हुन सक्यो भने त्यसलाई उपलब्धि मान्न सकिन्छ ।

## साताको सात बात



प्रमुख प्रतिपक्ष दल कांग्रेसले विगतमा आफैंले गरेको निर्णयलाई लिएर अहिले विरोध गरिरहेको छ । दूई तिहाईले पूर्ण भएको सरकारलाई भत्काउन लागि परेकाहरूको प्रयास सफल हुन सक्दैन । **सुवास नेम्बाङले, नेता, नेपाल कम्युनिष्ट पार्टी**



संघीयताको आडमा मुलुकलाई असफल बनाउने षड्यन्त्र भइरहेको छ । संविधान संशोधनमार्फत मधेशी समुदायका मुद्दा संविधानमा समावेश गर्ने सरकारको प्रतिवद्धता अझै पूरा भएको छैन । कुनै पनि बेला आन्दोलनको घोषणा गर्नुपर्ने अवस्था आउन सक्छ । **राजेन्द्र महतो, नेता, राष्ट्रिय जनता पार्टी**



वर्तमान सरकारले काम गर्न पाँच वर्षको समय पाएको छ । त्यसैले अहिले ५ महिनामा नै कामको आलोचना गर्ने समय भई सकेको छैन । दुई तिहाईले मात्र सरकार बलियो हुन सक्दैन विकास र समृद्धिको विषयमा सरकारको अहिलेदेखि नै आलोचना हुनु नकारात्मक विषय हो । **विश्वप्रकाश शर्मा, प्रवक्ता, नेपाली कांग्रेस**



राजपाले ओली सरकारलाई समर्थन गरेको छ । प्रदेश नम्बर २ का मुख्यमन्त्री मधेशी छन्, जो वर्तमान संविधानको शपथ खाएर मुख्यमन्त्री बनेका हुन् । भनेपछि, पहाडी राष्ट्रवादका दृष्टिमा मधेशको समस्या त सकियो । त्यहाँ अब कुनै असन्तुष्टि बाँकी रहेन, कुनै दाबी बाँकी रहेन । बाँकी रह्यो केवल सिके राउत प्रवृत्ति । **खगेन्द्र संग्रौला, लेखक**



स्थानीय तहका कुनै पनि जनप्रतिनिधिले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्वीकृति बेगर सरकारी कामकाजमा विदेश भ्रमण जान नपाउने नियम ल्याएका छौं । यसले आफूखुसी विदेश भ्रमण जाने प्रवृत्ति घटेको छ । **लालबाबु पण्डित, संघीय मामला तथा सामान्य प्रशासन तथा**



प्रदेशमा बढ्दै गएको आपराधिक घटना वा शान्ति सुरक्षाको विषयमा प्रदेश सरकारसँग जनता र जनप्रतिनिधिले सवाल गर्ने गरेका छन् तर प्रहरी प्रशासन हाम्रो मातहतमा छैन हामीले जनतालाई जवाफ दिने अवस्थामा छैनौं त्यसको लागि प्रहरी ऐन सदनबाट पास हुनुपर्छ । **ज्ञानेन्द्र यादव, आन्तरिक मामिला तथा कानुनमन्त्री, प्रदेश २**



संविधानले प्रदेश प्रहरी ऐन गठनको बाटो नछेके पनि संघीय सरकारको ढिलासुस्तीका कारण अप्ट्यारा सिर्जना भएका छन् । संविधानको धारा ५१, २३२, २३३ र ३०२ मा संघीय, प्रदेश र स्थानीय सरकारबीच प्रहरी भर्ना विषयमा प्रष्ट व्यवस्था भएकोले संवैधानिक कठिनाइ छैन । **दीपेन्द्र झा, मुख्य न्यायधिवक्ता, प्रदेश २**

# नेतृत्व गर्ने लायक नेता भएन

२००७ सालदेखि विभिन्न आन्दोलनका चरण पार गर्दै आज हामी यो अवस्थासम्म आइपुगेका छौं । प्रजातन्त्रको प्राप्तिपछि त्यसलाई संस्थागत गर्ने क्रममा देशको राजनीतिले गति लिन सकेन र २०१७ सालमा प्रतिगमन भयो, त्यसपछि ३० वर्षे लामो पञ्चायती व्यवस्था रह्यो । २०४६ सालमा जनताले प्रजातन्त्र पुन:स्थापना गरे । त्यसपछि पनि २०६१ साल माघ १९ गते राजाको प्रतिगमन भइसकेपछि २०६२/६३ मा ठूलो आन्दोलन भएर देशमा गणतन्त्र स्थापना भयो । विभिन्न आरोह-अवरोह पार गर्दै संविधानसभाबाट संविधान निर्माण भयो । नेपालमा गणत्रान्त्रिक क्रान्ति विकासवादी क्रमबाट एउटै निर्णायक बाटोमा अगाडि बढेको अवस्था छ । कति कमीकमजोरी नेपालको राजनीतिमा होला तर अबको दिनमा हामीले कसरी सकारात्मक दिशामा देशको राजनीतिलाई अगाडि बढाउने र कसरी राजनीतिक स्थायित्व कायम गराउने, कसरी राष्ट्रिय चरित्रको निर्माण गर्ने भन्ने बाटोमा जानुपर्ने स्थिति रहेको छ । हाम्रो देशको राजनीतिलाई सत्ताको स्वादबाट राष्ट्रिय स्वार्थको स्तरमा कसरी अगाडि बढाउने भन्नेमा ध्यान दिन जरूरी छ ।

अहिले दुई तिहाई बहुमतको सरकार आएको छ । जुन रूपमा परिवर्तनलाई संस्थागत गर्दै अगाडि बढ्नुपर्ने हो, त्यो अनुरूप यो सरकार पनि अगाडि बढ्न सकेको छैन । नेताहरू अहिले पनि गुटमुखी र कार्यकर्तामुखी भएका छन् । जनतामुखी भएर राष्ट्रको नेतृत्व गर्ने गुणात्मक बाटोमा अगाडि बढ्न सकेका छैनन । राज्य संयन्त्रहरूको कसरी संस्थागत विकास गर्ने र देशको राजनीतिलाई कसरी जनताको पक्षमा विकास गरेर लैजाने भन्ने खालको बाटोमा देशको राजनीतिक नेतृत्व वर्ग अझै पनि निर्णायक भएर जान सकेको अवस्था छैन । संविधानमा भएका कमीकमजोरीलाई सच्याउँदै अब हामीले देशलाई विकासको बाटोमा लैजानुपर्छ र संविधान संशोधनको विषयलाई राम्रोसँग केलाएर असन्तुष्ट पक्षको मुद्दालाई सम्बोधन गर्नुपर्ने हुन्छ । संघीयता स्थापित गर्न मधेश आन्दोलनको पनि ठूलो हात रहेको छ त्यसैले मधेशलाई असन्तुष्ट राखेर अगाडि बढ्न सकिँदैन ।

जनजाति, मधेशी, थारू समुदायमा यो संविधानलाई लिएर जति असन्तुष्टी रहेको छ ती सबैलाई हामीले सकारात्मक रूपमा लिनुपर्छ र सरकार पक्षले सबैलाई समेट्दै जानुपर्ने हुन्छ । उचित भावनाहरूलाई समेटेर निकास दिने प्रयास गर्नुपर्छ । यो देशको राष्ट्रियताको मर्म बचाउन हिजोका दिनमा हाम्रो देशका पुर्खाहरू सिन्धुलीगढी, मकवानपुरगढी, जितगढीमा लडे । अहिले नेपाल-भारत सिमानाका विषयमा विभिन्न कुराहरू आइरहेको छ । हाम्रो देशले एउटा देशतिर ढल्किनुपर्छ भनेको पनि सुन्नमा आइरहेको छ । हामी न दक्षिणतिर ढल्कछौं न उत्तरतिर । हामी स्वतन्त्र र असल छिमेकीको रूपमा रहन सक्यौं भने मात्र हाम्रो राष्ट्रियता जिवित रहन सक्छ । मधेशी नेताहरूले पनि यो देशको राष्ट्रियताको अपनत्व, स्वामित्व र मर्मलाई राम्रोसँग बुझेर अगाडि बढ्नुपर्छ । अब सकारात्मक विकासको बाटोमा जान सक्नुपर्छ । अब स्वस्थ्य बाटो मार्फत् अगाडि बढ्नुपर्छ । खस आर्यको विकल्पमा गैर खस आर्यले अब यो देशको कार्यकारी प्रमखु भएर राष्ट्रको नेतृत्व गर्नुपर्छ । अब खस आर्यसँग सम्झौता गरेर आन्दोलन गर्ने र खस आर्यसँग सम्झौता गरेर कुनै मन्त्री पद खाने होईन, अबको आन्दोलन देशको राजनीतिलाई एउटा सही बाटोमा लैजानका लागि हुनुपर्छ । यहाँका उत्पीडित जनताको विकासको लागि राजनीति हुनुपर्छ ।

तीन तहको निर्वाचन सफल गरेर संविधान एउटा बाटोमा अगाडि बढिसकेको छ । तर, असन्तुष्ट पक्षले संविधानको अपनत्व महसुस नगरेको अवस्था पनि छ । निकै लामो समयको पखाईपछि संविधानसभाबाट संविधानको निर्माण भएको छ । त्यसैले अब फेरि जनताले परिवर्तनको लागि भन्दै लडाँई लड्न नपरोस् । संविधान कार्यान्वयनको प्रक्रिया अगाडी बढाउँदै यो संविधान हाम्रो हो भनेर सबै नेपाली जनतालाई महसुस गराएर सर्वस्वीकार्य बाटोमा लैजानु पर्दछ ।

यो संविधान एउटा सम्झौताबाट आएको हो । विगतमा जस्तो निरकुंश शासन व्यवस्था अब कहिल्यै नदोहोरिने गरी नयाँ संविधान त आएको छ तर यस भित्र पनि केही कमीकमजोरी त रहेका छन् । अब सरकारले यहाँका हरेक तह र तप्काका नेतादेखि जनताका वास्तविक मर्मलाई सम्बोधन गर्न सक्नुपर्छ र असन्तुष्ट पक्षको चित्त बुझाएर अगाडि बढ्नुपर्छ ।

नेपालको राष्ट्रिय राजनीतिलाई अहिलेको अवस्थामा राजनेताको एकदमै आवश्यक्ता परेको छ । क्रान्तिबाट जतिपनि नेताहरू जन्मिए, तिनीहरू आफ्नो स्वार्थमा लिप्त भए । एउटै व्यक्तिले यो देशको राजनीतिलाई एउटा निर्णायक विन्दुमा पुर्‍याउने वातावरण यहाँ भएन । हामी सबै मिलेर यहाँको राजनीतिक क्रान्तिलाई नयाँ तरिकाबाट बुझ्नुपर्ने आवश्यक्ता छ । हामीले संघीय गणतन्त्र स्थापना गर्नको लागि पनि धेरै बलिदानी दिएका छौं । संघीय लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउँदै यो देशको राजनीतिलाई नयाँ तरिकाले कमान्ड गरेर अगाडि बढ्न सक्नुपर्छ । देशमा एउटा सक्षम राजनेताको जन्म नभए पनि धेरै राम्रा नेताहरूको जन्म भएको छ । सबै मिलेर अगाडि बढ्न सकियो भने समृद्ध नेपाल सम्भव छ ।

देशमा जति पनि क्रान्ति भयो, परिवर्तन भयो, तैपनि सुशासनको बाटोमा देश जान सकेको छैन । भ्रष्टाचार उन्मुलनको बाटोमा देश जान सकेन । यहाँका सबै उत्पीडित जाती, मधेशी, थारू, जनजाति, दलित अहिले पनि पछाडि परिरहेका छन्, शोषित नै छन् । त्यसैले देशको राजनीतिमा एउटा नयाँ लोकतान्त्रिक शक्तिको आवश्यक्ता महसुस गरेर हाम्रो पार्टीको जन्म भएको हो र हाम्रो पार्टीले राष्ट्रिय राजनीतिमा एउटा सन्देश दिनसक्छ । त्यो नयाँ सन्देशले हाम्रो देशको राजनीतिलाई एउटा नयाँ दिशामा अगाडि बढाउँछ ।

भखरै हाम्रो पार्टीको निर्माण भएको छ । हामी एउटा नयाँ उत्साहका साथ आइरहेका छौं राष्ट्रिय राजनीतिमा । संगठनको विकास पनि द्रूत गतिमा भइरहेको छ । पार्टी भनेको विचार हो, हाम्रो पार्टीको विचार अहिलेको नयाँ युगले खोजेको जस्तै छ । परिवर्तनलाई समातेर र इतिहासलाई पनि सम्मालेर



केशवराज पौडेल

**यो संविधान एउटा सम्झौताबाट आएको हो । विगतमा जस्तो निरकुंश शासन व्यवस्था अब कहिल्यै नदोहोरिने गरी नयाँ संविधान त आएको छ तर यस भित्र पनि केही कमीकमजोरी त रहेका छन् ।**

भविष्यलाई सही रूपले अगाडि लैजान हाम्रो पार्टीले बाटो देखाउँछ । हाम्रो पार्टीले सम्पूर्ण तह र तप्काका उत्पीडित जाति, वर्ग, समुदायलाई एउटा नयाँ खालको मार्गदर्शन दिन्छ ।

हामीले विचार निर्माणमा अगाडि बढेका छौं । अब हामी संगठन निर्माणको प्रक्रियालाई अगाडि बढाउँदैछौं । त्यसपछि राष्ट्रिय राजनीतिमा हाम्रो हस्तक्षेप सशक्त बनाउँदै निर्णायक भूमिकामा अगाडि बढ्छौं ।

*नेपाल लोकतान्त्रिक पार्टीका केन्द्रीय सम्पादन समिति सदस्य तथा पूर्व मेजर पौडेलसँग मधेशवाणीले गरेको कुराकानीमा आधारित*

# मधेश आन्दोलनको बाटो



लिलेश कुमार यादव

बदलिँदो समय र परिस्थितिअनुसार नेपाली जनताहरूको माग पनि बदलिँदै गएको छ । राजतन्त्र भएको देशमा लोकतन्त्र समेत आएको छ । प्राय: जस्तो नेपालको सत्ता परिवर्तन गर्ने आन्दोलन मधेशको जिल्लाबाट नै सुरू भएको छ । ठूल-ठूला पार्टीहरूको स्थपना मधेशकै जिल्लाबाट भएको छ । ठूला नेताहरू मधेशका जिल्लाबाट नै जितेर मन्त्री तथा प्रधानमन्त्रीसमेत भए । उदाहरणका लागि नेपाली कांग्रेसका पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरला मोरगंबाट पटक पटक जितेका थिए, पूर्वप्रधानमान्त्री माधव नेपाल रौतहट जिल्लाबाट जितेकाथिए । पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल सिरहाबाट जितेका थिए ।

नेपालमा कतिपय यस्ता मागहरू पनि उठेका छन् कि त्यसका अस्तित्व छिटो समाप्त भएको छ । केही यस्ता मागहरू उठेका छन् जुन छिटो-ढिलो पूरा भयो । तर केहि यस्ता मागहरू छन् जुन कयौं दशकौंदेखि चल्दै आइरहरूका छन् तर आजसम्म केहि उपलब्धी हात लागेको छैन । आन्दोलनको नाममा सर्वसाधारण जनताहरू सहिद मात्र भए । सहिद हुने जनताहरूको संख्या मात्र बढेर गयो ।आज एक चोटी हामी कुरा गरौं मधेश आन्दोलनको इतिहासको बारेमा । नेपालमा मधेश आन्दोलनको सुरूवात वि.स. २००८ देखि नै भएको हो । २००८ सालमा वेदानन्द झाले आफ्नो नेतृत्वमा नेपाली तराई कांग्रेसको स्थापना गरेर मधेशी जनताहरू माथि भइरहेको अन्याय समाप्त गर्न आन्दोलन सुरू गरेका थिए । उनको नेतृत्वमा स्थपना भएको पार्टीको मुख्यत: तीनवटा मागहरू थियो । ती मागहरू स्वतन्त्र मधेश, मधेशी जनताको समायोजन र हिन्दी भाषालाई राष्ट्रिय भाषा बनाउनु पर्ने थियो । मधेशी जनतले झालाई साथ नदिएको होइन तर वेदानन्द झा आफ्नो व्यतिगत स्वार्थका लागि पहाडी नेतृत्वका आगाडी आफूलाई आत्म समपर्ण गरे । उनले केही समय पश्चात मन्त्री पनि बने ।

वि.सं. २०२७ को अन्तिमतिर नेपालबाट भारतका लागि राजदूत बनेर गए । उनले आफ्नो जीवनमा उन्नती गरे पनि मधेशी जनताकमे विस्वासलाई धोका दिए । मधेशी जनतामाथि भइरहेको अन्यायलाई वास्ता नगरी मन्त्री तथा राजदूत बने । त्यसपछि केहि वर्ष मधेशी पार्टी खुलेन । मधेश आन्दोलन भएन । तर केहि समय पछि मधेशका लागि अवाज कता-कताबाट उठन थाले । त्यो अवाज थियो नेपाल सद्भवना परिषदको । नेपाल सदभावना परिषदको स्थापना २०३७ मा भएको थियो । तर मधेशको जनताको अवाज उठन सकेन । मधेशका लागि यस्तो पार्टीको स्थापना भयो की जुन पार्टी आजसम्म मधेशी जनताको बीचमा छन् । भनिन्छ जब धेरै अन्याय कसैमाथि हुन्छ भने त्यसका लागि अवाज उठाउने नायकको जन्म हुन्छ । समाजमा भइरहेको अन्याय अन्त्य गर्नका लागि नया समूहको विकास हुन्छ । साच्चिकै मधेशी जनताका लागि नेता गजेन्द्र नारायण सिंहको नेतृत्वमा नेपाल सद्भवना पार्टीको स्थापना २०४६ मा भयो । यो मधेशी पार्टीको रूपमा अगाडी बढे । मुख्य मागहरू स्वतन्त्र मधेश, मधेशी जनतालाई समायोजन, नेपाली नागरिता मधेशीलाई दिनुपर्ने थियो । धेरै मधेशी जनताले नेपाली नागरिता प्राप्त गरेका थिएनन् । मधेशीहरूले सरकारी जागिर पाइरहेका थिएनन्, त्यही भएर नेपाल सद्भवना पार्टी केहि वर्षमै मधेशी जनताको लोकप्रिय पार्टी बन्न सफल भयो । मधेशी जनताबीच उज्यालो किरण अगाडी आयो । केही मधेशी जनता नेपाल सद्भावना पार्टी माथि समर्पित पनि भए । २०४८ देखि २०५६ सम्म संसदमा ३ देखि ६ सिट पनि जिते । तर मधेशी जनताहरू केही हक अधिकार प्राप्त गर्न सकेन बरू पहाडी नेतृत्वले मधेशीको माथि अन्याय बढाउँदै गए । नेपाल सद्भावना पार्टी फुटेर राजेन्द्र महतोको नेतृत्वमा नयाँ सद्भावना पार्टी स्थापना भयो । राजेन्द्र महतो नेतृत्वमा स्थापना भएको सद्भवना पार्टीको एजेन्डा मधेशीलाई न्याउ दिलाउने पनि थियो ।

मधेशी जनताले कुन पार्टी मधेशको सच्चा पार्टी हो भनेर बुझ्न सकिरहेका थिएन । मधेशमा बढि रहेको आन्दोलनसँग नेपाल सद्भवना पार्टीको संख्या पनि बढिरहेको थियो । तर मधेशी जनताले खासै केही प्राप्ति गर्न सकेन ।

त्यस पछि नेपालमा माओवादी आन्दोलन सुरू भयो । ११ हजार जनता सहिद भए र अबौंको सम्पति नोक्सान भयो । यसबीचमा मधेशी जनताको लागि माग उठाउने कुनै पार्टी थिएन । जब माओवादी शान्ति सम्झौत गरे पछि २०६२ फाल्गुन ४ गते देखि मधेश आन्दोलनको सुरूवात भयो । नेपालगन्ज, विराटनगर, जहाँ पहाडी बासिन्दाको बहुल्यता थियो, त्यहाँ धेरै मधेशी जनतामाथि अन्याय भइरह्यो । त्यसको बदलामा मधेशी जनताले मधेश आन्दोलन गरे ।

एउटा मधेशीले अर्को मधेशीलाई साथ दिन थाले । त्यस क्रममा उपेन्द्र यादवको नेतृत्वमा मधेशी जनअधिकार फोरमले मधेश आन्दोलनको अगुवाइ गरे । रौतहटको गौरमा भएको घटनाले मधेशको आन्दोलनलाई धेरै उचाईंसम्म पुर्‍यायो ।

नेपाल सरकार कहिले पनि नसोचेको होला कि मधेशमा यत्रो ठूलो आन्दोलन हुन्छ भनेर । मधेश आन्दोलनले गर्दा धेरै मधेशी जनता सहिद भए । धेरै जनधनको क्षति भयो । यो देखेर मधेशी नेतासँग सम्झौत गर्न नेपाल सरकारले आह्वान गरे । आन्दोलनका अगुवाई गरेका मधेशी दलका नेताहरूले मुख्यत: ११ बुँदे मागहरू अगाडी सारे । तर मुख्य मागको रूपमा स्वतन्त्र मधेश एक प्रदेश, नेपाली सेना र प्रहरीमा मधेशी युवालाई तत्काल समायोजन, मृतका परिवारलाई क्षतीपूर्ति, सरकारी जगिरमा मधेशीको पहुँच, मधेशीलाई नागरिकता दिनुपर्ने जस्ता मागहरू थिए ।

नेपाल सरकारसँग सम्झौता भयो कि माधेशीको मागहरू पूरा हुन्छ भनेर । तर पनि २०६४ को आन्दोलन केही मात्र उपलब्धी हासिल गरे । उदाहरणाका लागि नेपाल सरकारले ठाउँ-ठाउँमा नागरिकता टोली पठाएर मधेशी जनतालाई नागरिता दिलाए, मधेशी जनताका लागि सरकारी जगिरमा समायोजनको व्यवस्था गरे । अरू सम्झौत आजसम्म लागू भएको छैन । कुनै मधेशी जनतरूलाई थाह छैन । २०६४ को मधेश आन्दोलसँगै मधेसमा मधेशी पार्टीहरूको सङ्ख्या बढ्न थाले । आन्दोलनसंगै उपेन्द्र यादवको नेतृत्वमा मधेशी जनअधिकार फोरम, नेपाली काङग्रेसमा राम्रो छवि बनाएका महन्थ ठाकुरको नेतृत्वमा तराई मधेश मधेश लोकतान्त्रिक पार्टी, राजेन्द्र महतोको नेतृत्वमा सदभवना पार्टी, आनन्दी देवीको नेतृत्वको सद्भवना पार्टी जनताबीच आए ।

मधेशी जनताहरू खुलेरै मधेशी पार्टी र नेताहरूलाई समर्थन गर्न थाले । यो मधेशी पार्टीहरू साँच्चिकै मधेशी जनताका लागि लडिरहेका छन् जस्तो लाग्न थाल्यो । त्यसको केही समय पछि २०६४मा संविधानसभाको चुनाव भयो र नेपालको पहिलो पार्टीको रूपमा माओवादी आगाडी आए । मधेशी जनताको समर्थनले गर्दा मधेशी फोरम झन्डै ४ दर्जन जति सीट जितेर नेपालको चौथो ठूलो पार्टी बन्यो । मधेशका सबै पार्टीहरूले राम्रै जीत हात पारे । सबै मधेशी पार्टीहरूको सीट लगभग ७ दर्जन जति थियो । कहिले पनि मधेशी जनताले नसोचेका पदमा मधेशी नेताहरू पुगे । नेपाली काङग्रेशको तर्फबाट र मधेशी पार्टीको समर्थनले रामवरण यादव नेपालको पहिलो राष्ट्रपति र मधेशी फोरमाबाट जितेका परमानन्द झाले पहिलो उपराष्ट्रपति, उपेन्द्र यादव परराष्ट्रमन्त्री पदमा पुगे । जुन मधेशी जनताका लागि सुखद कुरा थियो । तर मधेशी जनताका लागि जुन ११ बुँदे सम्झौता नेपाल सरकारसँग गरेका थिए त्यो लागू किन भएन त्यसको लागि मधेशी नेताहरू जोरतोरका साथ आवाज उठाएन ?

किन मधेशी नेताहरूले गरीब मधेशी जनताको दु:ख बिर्सेर आफ्नो स्वार्थ पूरा गर्नका लागि मन्त्री पदको पछाडि लागे ? मधेशी नेताहरूको राम्रै उपस्थित थियो यदि चाहेको भए त्यति खेर मधेशको सारा मागहरू पूरा हुन सक्थ्यो । मानिसको व्यक्तिगत लोभलाई प्रयोग गरेर उसलाई कमजोर बनाउन सकिन्छ । त्यही अवसर देखेर एमाले, काङग्रेश र माओवादीहरूले मधेशी पार्टीलाई आफ्नो कामका लागि प्रयोग गरे । मधेशी नेताहरूले मधेशीहरूका लागि एक हुनुको साटो आफ्नो पदका लागि एक अर्का प्रति आरोपा तथा प्रत्यारोप लगाउन थाले । मन्त्री हुनुका लागि पार्टीलाई सानो पार्दै गए ।

२०६९ को अन्त तिर मधेशीलाई यो पनि थाहा पाउन गाह्रो भयो मधेशमा कति वटा पार्टी छन् र कुन पार्टीका अध्यक्षको हुन् । विभाजित भएर मधेशी पार्टीहरू न घरका भए न त घाटका नै भए । नयाँ सविधान बने पनि मधेशीले अधिकार पनि पाएन । हाम्रो एउटा धेरै चलेको उखान छ कि एउटा माघले जाडो जादैन । ठिक त्यस्तै भए २०७० मा फेरी संविधानसभाको चुनाव भयो । मधेशी पार्टीका अध्यक्ष समेतले आफ्नो इज्जत बचाउन सकेन । अर्थात केही मधेशी पार्टीका अध्यक्ष समेत पराजित भए । २०७० सालको चुनावमा नेपाली कांग्रेस एक नम्बर पार्टी बने र माओवादी तेस्रो स्थानमा झरे । मधेशी पार्टीका नेताहरूले मधेशका लागि फेरी लड्न लागे । नेपाल सरकारलाई मधेशीसँग भएको ११ बुँदे सम्झौता लागू गर्न माग गर्न थाले । तर नेपाल सरकारले मधेशी जनता तथा नेताहरूको मागलाई वास्ता नगरी २०७३ असोज ३ गतेका दिन संविधान जारी गरे र नेपालका पहाडी जनताले नयाँ संविधानलाई दिपावली गरेर मनाए र स्वागत गरे । नेपालका मधेशी जनताले कालो दिनका रूपमा मानए । किनभने नया संविधान मधेशी जनताको कुनै पनि हक अधिकारको सुरक्षा गर्न सकेको छैन । मधेशका हकका लागि लडिरहेका नेताहरू मधेश झरेर आन्दोलन गर्न थाले । २०७३ सालको आन्दोलन मधेशकै इतिहासको लामो आन्दोलन भयो । यो आन्दोलनले मधेश नेपालमा छ भने कुरा संसारलाई चिनायो । केही मधेशी पार्टी एकभई आन्दोलन गरे । आन्दोलन ठूलो गने बाहेक मधेशी जनता के नै गर्न सक्छन् र ? केही उपलब्धी मधेशी जनताले प्राप्त गरेन । बरू मधेशका केही ।पार्टीहरूले प्राप्त गरे । आन्दोलनको उपलब्धिका रूपमा प्रदेश २ मा केही गाउँपालिका र नगरपालिकाको संख्या थपे ।मधेश र मधेशीहरू अरू प्रदेशमा पनि छन् तर उनीहरूलाई केहि प्राप्त छ्रो । हाल सम्पन भएको तीन तहको चुनावमा जसरी मधेशी जनताहरूले राजपा र फोरमलाई सम्मानका साथ जित दिलाएका छन अब यो दुबै पार्टीको धर्म हो मधेशी जनताहरूको मागलाई पूरा गराउने, मधेशी जनता उपर भइरहेको अन्यायलाई कम गराउने ।

लगभग ६५ वर्षभन्दा पहिले मधेशी जनताका लागि उठेका मागहरू कहिले पुरा होला ? कसैलाई थाहा छैन । कहिले स्वतन्त्र मधेश प्रदेश त कहिले मधेशी सहिदहरूको सपन पुरा हुन्छ ? कहिले मधेशी जनताहरू आफू माथि भइरहेको पहाडिी. शासनलाई कहिले समाप्त हुने प्रतिक्षामा छन् ।

दैनिक सायाहिक मधेशवाणी



# प्राप्त उपलब्धीलाई रक्षा गर्दै बाँकीका लागि संघर्ष गर्नुपर्छ

**संविधान संशोधन नभएसम्म हामीले संविधान दिवसलाई कालो दिवसकै रूपमा मनाउने भनेर घोषणा गरेका थियौं र मनायौं पनि । हामीले कालो दिवस मनाएर यो सरकारलाई स्मरण गराएका छौं कि त्यो संविधान संशोधन नभएसम्म स्वीकार्य हुँदैन ।**



## रेणु कुमारी यादव
### उपाध्यक्ष, संघीय समाजवादी फोरम नेपाल

**० संघीय समाजवादी फोरम नेपालले जिल्लास्तरीय प्रशिक्षण कार्यक्रमहरू गर्दैछ, यसको उद्देश्य के हो ?**

–तीनै तहको निर्वाचनमा भाग लिइसकेपछि पार्टीको समीक्षा र संगठन सुदृढीकरणका लागि हामीले प्रदेशस्तरीय प्रशिक्षण कार्यक्रम गरिरहेका छौं । जसमा आधारभूत र सक्रिय सदस्यतासहित प्रशिक्षण लगायत संगठनात्मक स्वरूप दिनका लागि हाम्रो काम अगाडि बढेको छ ।

**० त्यस कार्यक्रममा के कस्ता विषयमा प्रशिक्षण दिँदै हुनुहुन्छ ?**

– निर्वाचनपश्चात पार्टीमा धेरै नयाँ सदस्यहरू प्रवेश गरेका छन् । उनीहरूलाई विधान, नियामवली, नीतिलगायत सम्पूर्ण विषयहरूमा प्रशिक्षण दिइरहेका छौं । त्यस्तै, संगठनलाई कसरी अगाडि बढाउने, हरेक निकायहरूको अधिकार के-के छन्, नयाँ संरचनाअनुसार पार्टीले कस्तो भूमिका निर्वाह गर्ने र अगाडि बढाउने लगायतका विषयमा प्रशिक्षण प्रस्तुत गर्दैछौं । आफ्ना नेता तथा कार्यकर्ताहरूलाई सक्षम र सुदृढ बनाएर अगाडि बढाउने हाम्रो नीति हो ।

**० मुलुक संघीय संरचनामा गइसकेपछि, पार्टीको प्रादेशिक संरचनाहरू कसरी निर्माण हुँदैछ ?**

– फोरमले वडा, गाउँपालिका, नगरपालिका, क्षेत्र र जिल्लाहरूमा संरचना बनाउँदैछ । संगठन सुदृढीकरणका साथै विकास र समृद्धिका लागि कुन-कुन योजना कसरी बनाउने, ती योजनाअनुसार बजेटभित्र के कस्ता कमजोरीहरू छन् र कसरी अगाडि बढ्न सकिन्छ भनेर प्रदेश सरकारसँग पनि समन्वय गरेर कार्यको थालनी गर्ने हाम्रो उद्देश्य हो । त्यहीअनुरूप हामी आफ्ना संरचनाहरू पनि गठन गर्दैछौं ।

**० प्रदेश २ मा मधेश प्रदेश समिति छ, त्यस्तै अन्य प्रदेशहरूमा पनि समितिहरू छन् ?**

– अन्य प्रदेशहरूमा पनि हाम्रो समितिहरू छन् । सबै प्रदेशहरूमा करिब-करिब हाम्रा समितिहरू बनिसकेको छ । भर्खरै प्रदेश १, ३, ५ मा हाम्रो तसर्थ समितिहरू गठन भएको छ । जुन प्रदेशहरूमा हाम्रो समिति छैन, त्यस प्रदेशमा बनाउने तर्खरमा छौं ।

**० तपाइँहरूले विगतमा मधेशका २० वटै जिल्लालाई मधेश प्रदेश बनाउने भन्नुभएको थियो, तर अहिले आएर मधेशका आठ वटा जिल्ला मात्र रहेको प्रदेश २ लाई मधेश प्रदेश घोषणा गर्नुभएको छ, किन ?**

– हामीले आठ जिल्लालाई मात्रै होइन, मधेशका सबै जिल्लालाई नै मधेश प्रदेश बनाउने भनेका थियौं । मधेश स्वायत्त प्रदेश हुनुपर्छ भनेका थियौं । तर, ती मधेशभित्र थारूहरू आउन चाहेनन्, उहाँहरूले अर्कै प्रदेश मागिरहनुभएको छ । राज्यले पनि हाम्रो मागलाई स्वीकार गरेन । मधेशका जिल्लालाई टुक्रा-टुक्रा पारियो । तर, हामीले अहिले पनि आफ्ना मागहरूप्रति अडिग नै छौं । हामी आफ्ना माग पूरा गराउनका लागि नै सरकारसँग सहमति पनि गरेका छौं । तत्कालका लागि अहिले विशुद्ध मधेशका जिल्लाहरू रहेको प्रदेश २ लाई मधेश प्रदेश नामाकरण गरेका छौं ।

**० प्रदेश २ मा जसरी फोरमले मधेश प्रदेश समिति गठन गरेको छ, त्यस्तै, अन्य प्रदेशहरूमा फोरमका समितिहरूको नामाकरण के-के हुनसक्छ ?**

– प्रदेश २ बाहेक अन्य प्रदेशमा हाम्रो बलियो उपस्थिति छैन । त्यहाँ वामपन्थीहरूकै बलियो पकड छ र उनीहरूले नै बहुमतका साथ सरकार चलाइरहेका छन् । त्यसैले अन्य प्रदेशहरूको नामाकरण के गर्ने भन्ने अधिकार उनीहरूकै हो । तर, प्रदेश २ एउटा विशुद्ध मधेशीहरूको बाक्लो उपस्थिति भएकोले त्यसको नामाकरण पनि मधेश प्रदेश नै राख्न चाहिरहेका छौं ।

**० फोरम नेपाल जुन उद्देश्यका साथ सरकारमा सहभागिता जनायो, त्यसअनुसार अगाडि बढिरहेको पाउनुभएको छ ?**

– हाम्रो पार्टीले सत्तारूढ दलसँग संविधान संशोधन गर्ने सर्तमा सहमति गरेर सरकारमा गएको हो । अहिलेसम्म संसदबाट १९ वटा ऐन पास भएको छ । हामीले भनेअनुसार संविधान संशोधन हुन्छ भन्ने पनि बहस चल्छ तर अहिलेसम्म संशोधनबारे बहस चलेको छैन । हामीलाई आशा छ कि संविधान संशोधन हुन्छ । नेकपा नेतृत्वको सरकार बहुमतको भए पनि हाम्रो सहभागिता पछि सरकार झन बलियो भएको छ । हाम्रो धारणा के हो भने अहिलेसम्म हामीले जति उपलब्धि पाएका छौं, त्यसलाई संरक्षण गर्ने र बाँकीका लागि संघर्ष गर्ने । त्यहींअनुरूप हामी सरकारमा पनि गएका हौं ।

**० फोरम सरकारमा गएपछि पार्टी कति सन्तुष्ट भएको पाउनु भएको छ ?**

– अहिले सरकारमा फोरमबाट जम्मा तीन जनाको उपस्थिति छ । हामी सरकारमा नरहँदा पनि सरकारलाई कुनै असर गर्दैन । हामीले संविधानमा संशोधन गर्न सहज होस् भनेर नै सरकारमा गएका छौं । तर, सरकारमा गइसकेपछि, मन्त्री भइसकेपछि जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयमा मन्त्रीले जसरी प्रभावकारी रूपमा काम गर्नु पर्ने हो, त्यो भइरहेको छैन । फोरमका नेताहरू मन्त्री भएपछि उहाँहरूको कामबाट जनता सन्तुष्ट छैनन् । यद्यपि, जनता बढी आकांक्षावादी भएकाले पनि हुनसक्छ, सबै काम एकैच पटक हुँदैन तर, जुन गतिमा हाम्रा पार्टीका मन्त्रीहरूले काम गर्नुपर्ने हो त्यो नभएको हामीले महसुस गरिरहेका छौं ।

**० भनेपछि, फोरमले पाएको मन्त्रालयबाट हुने कामहरूबाट तपाइँहरू सन्तुष्ट हुनुहुन्न ?**

– हाम्रो पार्टीले पाएको शहरी विकास र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय हो । जसअन्तर्गत केही कामहरू अगाडि बढेको त छ तर जनताले किसिमले जसरी सेवा सुविधा पाउनुपर्ने हो त्यो भइरहेको छैन । खासगरी, तराई मधेशमा रहेका स्वास्थ्य संस्था, स्वास्थ्य चौकीहरू र अस्पतालहरूमा सुधार हुने क्रममा छन् । तर, आम जनताको दैनिक जीवनमा प्रत्यक्ष सरोकार राख्ने खालको काम त्यति प्रभावकारी हुन सकेको छैन । मन्त्री बन्ने बित्तिकै सरूवा बढुवालाई नै बढी प्राथमिकता दिने काममा अल्झिँदा अन्य कामहरू प्रभावित भएको हो । जनताबाट यस्ता असन्तुष्टिहरू आउनु स्वाभाविक पनि हो । किनकि आफ्ना नेता मन्त्री बन्दा धेरै आशा र अपेक्षा राखेका हुन्छन् । एउटा अर्को पनि कारण के छ भने मन्त्रीहरूको आफ्नो मन्त्रालय व्यवस्थित नभएकोले पनि जनअपेक्षाअनुसार काम नभएको हो ।

**० संविधान दिवसको सन्दर्भमा फोरमको मधेश प्रदेश र केन्द्रबीच मत मिलेन । तपाइँहरूले कालो दिवस मनाउँछौं, ब्ल्याक आउट गर्छौं घोषणा गर्नुभयो तर केन्द्रले संविधान दिवसको विरूद्धमा कुनै कार्यक्रम नगर्न आदेश दियो । किन दोधारे नीति ?**

– यो विषयलाई अन्यथा लिनुहुँदैन । संघीयता आएपछि प्रदेश समिति बनेपछि त्यसको पनि केही अधिकार हुन्छ र छ । विभिन्न प्रदेशका विभिन्न किसिमका समस्याहरू छन् । मधेशीसँग भएको विभेद र पहाडका आदिवासी जनजातिमाथि भएको विभेदमा पनि भिन्नता छ । त्यसैकारण, मधेश प्रदेश समितिले विगतमा पनि संविधान जारी भएको दिनलाई नै कालो दिवस मनाएको थियो । किनभने यो संविधानमा हाम्रा धेरै कुराहरू लेखिएको छैन । यो संविधान अधुरो र अपुरो छ, त्यसैले संविधान जारी भएको दिन हाम्रा लागि कालो दिवस नै हो । संविधान जारी हुँदा देशका आधा जनसंख्याले कालो दिवस मनाए भने आधा जनसंख्याले दिपावली मनाए । यो संविधानमा केही कुरा राम्रा छन्, जस्तै : गणतन्त्र, संघीयता लगायतका कुराहरू राम्रा पक्ष छन् । त्यसै कारणले प्राप्त उपलब्धीलाई रक्षा गर्दै बाँकी कुरा प्राप्त गर्न संघर्षरत् रहने भन्ने हाम्रो नीति हो । यही अनुरूप हामी चुनावमा भाग लियौं । संविधान संशोधन नभएसम्म हामीले संविधान दिवसलाई कालो दिवसकै रूपमा मनाउने भनेर घोषणा गरेका थियौं र मनायौं पनि । हामीले कालो दिवस मनाएर यो सरकारलाई स्मरण गराउँछौं कि त्यो संविधान संशोधन नभएसम्म स्वीकार्य हुँदैन ।

**० तर, तपाइँकै पार्टीका अध्यक्ष उपेन्द्र यादवले यो संविधानलाई रक्षा गर्ने शपथ खाएकोले यसको विरोधमा कालो दिवस नमनाउने भन्नुभएको थियो नि ?**

– उपेन्द्रजीले संविधानलाई रक्षा गर्छु वा के गर्छु भन्नुभयो त्यो विषयमा मलाई थाहा भएन । उहाँले यस्तो नभन्नु पर्ने हो । उहाँले सार्वजनिक ठाउँमा अभिव्यक्ति दिँदा भन्नुहुन्छ कि यो संविधान विभेदकारी हो, अपुरो र अधुरो हो, संशोधन गर्नुपर्छ । हामीले यो संविधान संशोधन हुनुपर्छ भन्ने मान्यता राख्दा राख्दै पनि संविधानको सपथ खानुको अर्थ पूर्ण भइसक्यो भन्ने होइन । संविधानका राम्रा कुराहरूमाथि समस्या नपरोस् तर त्रुटिहरूलाई सच्याउनुपर्छ । यदि ओली सरकारले संशोधन गरेन भने के गर्ने ? यसलाई स्वीकारिहाल्ने ? विभेदकारी हो भनेर नभन्ने ? या त हाम्रो अध्यक्षले भन्नुपऱ्यो कि यो संविधान पूर्ण छ । यो पूर्ण पनि छैन र रक्षा गर्ने सपथ पनि खाएका छौं यो त हुँदैन । संविधानभित्रका राम्रा पक्षलाई सुरक्षा गर्नका लागि हामी चुनावमा भाग लिएका छौं । संविधान संशोधन हुनुपर्छ भनेर हामीले कालो दिवस मनाएका हौं । यो संविधान खारेज गर भनेर हामीले कालो दिवस मनाएका होइनौं । सरकारलाई सचेत गराउनका लागि यो संविधान संशोधन गर्न दबाब दिएका हौं । तेरो र मेरो संविधान होइन कि हाम्रो संविधानको भावना सबैमा आओस् भन्ने हामी चाहन्छौं ।

**० तपाइँहरूले संविधान संशोधनका लागि सहमति गरेर सरकारमा जानुभयो, तर अहिलेसम्म संशोधनको प्रक्रिया पनि सुरू भएको छैन । किन मौन भएर बस्नुभएको छ ?**

– हामीले सदन र सडक दुवै ठाउँमा संशोधन हुनुपर्छ भनेर भनिरहेका छौं । अस्ति पनि हाम्रा पार्टीका सांसदले संसदमा संविधान संशोधन कहिले हुन्छ भनेर प्रश्न उठाएका थिए । हामीले पार्टीभित्र पनि बहस गरेका छौं । तुरून्तका तुरून्त त संविधान संशोधन हुँदैन । हामीले पनि कुनै टाइमबोन्ड बनाएका छैनौं । तर, हामीले संशोधनका लागि दबाब दिँदै आएका छौं । सरकारमा हुने बित्तिकै दिनहुँ गर त गर, अहिले गर, तुरून्त गर भनेर हुँदैन । हाम्रा पार्टीका अध्यक्षजीले पनि भन्नुभएको छ कि संविधान संशोधन हुन्छ । त्यसमा हामीलाई आपत्ति छैन ।

**० प्रधानमन्त्रीले सार्वजनिक रूपमै अभिव्यक्ति दिँदा भन्नुहुन्छ कि आवश्यक्ता र औचित्यको आधारमा संविधान संशोधन हुन्छ । भनेपछि अहिलेसम्म आवश्यक्ता र औचित्य छैन ?**

– उनीहरूले पटक-पटक हामीसँग सम्झौता गरेकै हुन् । अन्तरिम संविधानमा लेखिएका कुराहरू पनि दिन नमान्ने उनीहरू नै हुन् । यो त्रुटिपूर्ण संविधानलाई जबर्जस्ती उत्कृष्ट संविधान भन्ने उनीहरू नै हुन् । फेरि संशोधन गर्नुपर्छ भन्ने पनि उनीहरू नै हुन् । भनेपछि दुई-दुई मिनेटमा थरि-थरिका दिमाग परिवर्तन हुने गर्दछ भने यसले के देखाएको छ भने अहिले पनि उनीहरूको नियत मधेशप्रति सफा छैन ।

**० संविधान संशोधनका लागि सहमति भएपनि संशोधन हुनेमा तपाइँहरू सशंकित हुनुहुन्छ ?**

– हामी सशंकित भन्दा पनि आशावादी छौं । विगतका सम्झौताहरूमा जसरी आलटाल गरियो त्यसकारण सशंकित त पक्कै छौं ।

**० अध्यक्ष उपेन्द्र यादव सहभागी भएको एक कार्यक्रमबाट बाँकेका एक युवा राम मनोहर यादव समातियो, हिरासतमा मृत्यु भयो । यसको मुख्य दोषी तपाइँकै पार्टी अध्यक्षमाथि लगाइएको छ । अहिले पनि राम मनोहरको शव अस्पतालभित्रै छ । किन यस विषयमा तपाइँका पार्टी अध्यक्षले केही नबोलेको होला ?**

– सर्वप्रथम त नेपालगन्जका युवा राम मनोहरको मृत्युको इमान्दारीका साथ छानबिन हुनुपर्छ । जुन घटनामा हाम्रो पार्टीका अध्यक्षलाई दोषीको रूपमा विभिन्न ठाउँमा प्रचार गर्दैछ यो सरासर गलत हो । त्यो कार्यक्रममा हाम्रा अध्यक्ष नपुग्दै राम मनोहरलाई समातिएको थियो । हाम्रो पनि मान्यता के हो भने हिरासतभित्र कोही कसरी मऱ्यो त, बिरामी थियो कि के कारण थियो, यसबारे राज्यपक्षले तुरून्त छानबिन गर्नुपर्छ । राम मनोहरको शवको पोष्टमार्टममा ढिलाई हुँदा हामी पनि सशंकित छौं कि केही षड्यन्त्र छ । प्रहरी प्रशासनले नै यो मुलुकलाई फेरि संघर्षतर्फ धकेल्ने षड्यन्त्र गरिरहेको छ भन्ने हामीलाई शंका छ । अर्को कुरा देशमा अहिले जसरी जहाँतहीं हत्या, हिंसा, बलात्कारलगायतका घटनाहरू हुँदैछ त्यसको जडो पत्ता लगाउन सुरक्षा निकाय असफल देखिएको छ । दिनका दिन बलात्कार, महिला हिंसाका घटनाहरू हुने गरेका छन् । सरकारको ढुकुटीबाट तलब खाएर बसिरहेका खुफिया एजेन्सीहरूले के गरिरहेका छन्, किन उनीहरूले पत्ता लगाउन सकिरहेका छैनन्, किन अपराध दिनप्रति दिन बढ्दै गइरहेको छ ?

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*



- ☞ संगठन सुदृढीकरणका साथै विकास र समृद्धिका लागि कुन-कुन योजना कसरी बनाउने, ती योजनाअनुसार बजेटभित्र के कस्ता कमजोरीहरू छन् र कसरी अगाडि बढ्न सकिन्छ भनेर प्रदेश सरकारसँग पनि समन्वय गरेर कार्यको थालनी गर्ने हाम्रो उद्देश्य हो ।
- ☞ तुरून्तका तुरून्त त संविधान संशोधन हुँदैन । हामीले पनि कुनै टाइमबोन्ड बनाएका छैनौं । तर, हामीले संशोधनका लागि दबाब दिँदै आएका छौं ।
- ☞ या त हाम्रो अध्यक्षले भन्नुपऱ्यो कि यो संविधान पूर्ण छ । यो पूर्ण पनि छैन र रक्षा गर्ने सपथ पनि खाएका छौं यो त हुँदैन ।
- ☞ उपेन्द्रजीले संविधानलाई रक्षा गर्छु वा के गर्छु भन्नुभयो त्यो विषयमा मलाई थाहा भएन । उहाँले यस्तो नभन्नु पर्ने हो ।
- ☞ जुन घटनामा हाम्रो पार्टीका अध्यक्षलाई दोषीको रूपमा विभिन्न ठाउँमा प्रचार गर्दैछ यो सरासर गलत हो । त्यो कार्यक्रममा हाम्रा अध्यक्ष नपुग्दै राम मनोहरलाई समातिएको थियो ।

# भानुभक्त र बदरी नारायणको मैथिली पद्यानुवाद रामायण



राकेश प्रसाद चौधरी

नेपाली धार्मिक साहित्य क्षेत्रमा अझैसम्म भानुभक्तको गुणगाण यथावत छ। आदिकविको रूपमा परिभाषित गरि उनका कृतिलाई जीवन्त राखिएकै कारण बेलाबखत मात्र नभई धार्मिक एवं गैरधार्मिक साहित्य साधना अथवा धार्मिक रचनाको कुरा हुँदा चर्चा गर्नैपर्ने हुन्छ।

बृटिश इण्डियाको कम्पनी सरकार र नेपालबीच युद्ध हुने वातावरण बनिरहेको समय १८७१ साल अषाढ २९गते (सन् १८१४) मा उदाएका आदिकवि भानुभक्त बाल्मीकि जस्तो सिद्ध ऋषि नभई समान्य गृहस्थ आश्रमका थिए। बालाजी र मरावती कान्तिपुरी नगरी कविता र बधु शिक्षाभन्दा रामायणको नेपाली पद्यानुवाद नेपालीको जनजीब्रोमा छ। भानुभक्तद्वारा नेपाली भाषामा पद्यानुवादित रामायणको मैथिली रूपान्तरण भने अझै पनि मिथिलाञ्चलमा लोकप्रिय हुन संघर्षरत नै छ।

मिथिलाञ्चलमा सबैभन्दा बढी चन्दा झाद्वारा रचित मैथिली भाषा रामायणको चर्चा हुनेगर्छ। कुनै बेला जलेश्वरको अभिश्राप मानिने रातो(रातु) नदीको किनारमा घर भएका बदरी नारायण बर्माले भानुभक्त रामायणको मैथिली पद्यानुवाद गरेका हुन्। पुस्तकको प्रारम्भमा बर्माले लेख्नुभएको गोसाउनी अर्थात प्रवेश गीतमा दक्षिण दिशामा महावीरजा ठकुरवारी, पुर्व दिशामा डिहवार( ग्रामदेवता)को निगरानी, रातो नदीको किनारमा रहेको रमणीय धबौली मेरो गाउँ भनेर वर्णन गरेका छन्।

सरल मैथिली भाषामा लेखिएको कारण मिथिलाञ्चलवासीले सहजै अर्थ लगाएर पढ्न सक्छन्। अर्को श्लोकमा विश्वको एकमात्र शिव महालिङ्ग जलेश्वरको बारेमा भगवान शंकरको अंशबाट ज्वालेश्वर भएकोले धर्मग्रन्थमा यसको चर्चा रहेको वर्णन मैथिली रामायणमा छ। भगवान राम र सीताले धेरैपटक ज्वालेश्वर(जलेश्वर) महालिङ्गको पुजाअर्चना गरेको किम्बदन्ती छ।

> हुन त बाल्मिकी रामायणलाई आधार मानिए पनि गोस्वामी तुलसी दासले आफ्नै शैली र पात्र कल्पनासहित अवधि भाषामा रामचरित्र मानस अर्थात अवधि भाषाको रामायण सन् १५७६ मा लेखेको चर्चा हुनेगर्छ।

बिभिन्न घरायसी र छिमेकीले दिएको समस्याका बाबजुद सरकारी कामकाजका लागि तराईमधेश घुमेका भानुभक्तले सन् १८४१ मा बालकाण्ड सम्पन्न गरेर सन् १८५३ मा रामायण तयार गरेका थिए। भानुभक्तले रामायणको नेपाली पद्यानुवाद श्रीगणेश गरेको समयभन्दा झण्डै सयबर्ष पछि सन् १९४० मई १६ मा मैथिली रामायण अनुवादकर्ता बर्माको जन्म भएको थियो। सरकारी सेवामा रहेका उनले नेपाली भाषा रामायणको मैथिली पद्यानुवाद सन् १९८९ दिसम्बर ३ तदनुसार २०४६ मंसिर १८ गतेमा श्रीगणेश गरि २०४७ अषाढ २ गतेसम्पन्न गरेका थिए। हुनत: जलेश्वरदेखि उत्तरतर्फ रहेको रतबाडामा जन्म भई बिराटनगरवासी भएका कवि शिरोमणि लक्ष्मण शास्त्रीले मिथिलाकाण्ड थप गरि मैथिली रामायण लेखेको भएपनि मिथिलाञ्चलमा कमै मात्र चर्चा हुने गर्दछ।

बर्माले विवाह प्रकरणमा पद्यानुवाद गरेको एक श्लोकमा राजर्षि जनकले छोरीलाई दिएको दहेजबारे उल्लेख छ। दहेजमा घोडा, रथ, सुनको सिक्का र हाथी दिइएको उल्लेख छ। त्रेत्रायुगमा समेत स्वेच्छाका साथ छोरीलाई हैसियत बमोजिम उपहार दिने प्रचलन थियो। महाकवि भानुभक्त रचित रामायणमा बाल्मीकि रामायणको भाव नै झल्किन्छ भने बर्माले मैथिली रूपमान्तरण गरेको रामायणमा समेत त्यही भाव प्रस्तुत रहेको पाइन्छ। हुनत: बालमीकि रामायणलाई आधार मानिए पनि गोस्वामी तुलसी दासले आफ्नै शैली र पात्र कल्पनासहित अवधि भाषामा रामचरित्र मानस अर्थात अवधि भाषाको रामायण सन् १५७६ मा लेखेको चर्चा हुनेगर्छ।

मिथिलाञ्चलमा समेत रामचरित्र मानसको प्रभाव देखिन्छ भने यस महाकाव्यमा केही जाति र नारी बिशेषलाई चोट पुऱ्याउने श्लोकहरूको कारण आलोचना अझैसम्म खेप्नुपरेको छ। मिथिलाञ्चलमा चर्चित मिथिला रामायणका रचयिता कविश्वर चन्दा झाको जन्म भारतमा सन् १८३१ मा भएको थियो। मिथिला रामायणको रचनाकालबारे त्यति स्पष्ट रहेको छैन। झाको मृत्यु सन् १९०७ मा भएको थियो।आदिकवि भानुभक्तले सन् १८५३ मा नेपाली रामायणको रचनाकार्य सम्पन्न गरिसकेपछि मात्रै कविश्वर चन्दा झाको मिथिला रामायणको रचनाकार्य सम्पन्न भएको मान्न सकिन्छ। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा २०५४ साल, माघ १९ गते बसन्तपञ्चमीको दिन प्रकाशित बदरीनारायण बर्माको मैथिली पद्यानुवाद रामायणमा नेपालीपनको समेत प्रभाव देखिएकोले यसको प्रचारप्रसार आवश्यक देखिन्छ।

reporter.rakesh@gmail.com

# 'विमानस्थल बनाउनुभन्दा पनि रूख काट्न हतारो'

## 'रूख काट्ने सरकारको नियत माथि शंका गर्ने प्रशस्तै ठाँउ छ'

काठमाडौं। चुरे मधेश विकास मंचले सोमबारका दिन तराई मधेश राष्ट्रिय परिषद्को सहयोगमा निजगढ़ बजारको बुद्धचोकमा 'चुरे वन जंगल तथा वातावरण जोगाऔं' शिर्षकमा वृहत सभाको आयोजना गरेको छ। स्थानीयका साथ-साथै टांगिया बस्तीका जनताको उल्लेख्य सहभागिता रहेको उक्त कार्यक्रम चुरेको अव्यवस्थित दोहनबाट भइरहेको हानी नोक्सानी तथा प्रस्तावित अन्तर्राष्ट्रिय विमानस्थलले ल्याउन सक्ने वातावरणीय प्रभावको न्युनिकरण माथि केन्द्रित रह्यो।
सभामा आफ्नो विचार राख्दै पर्सा जिल्लाका चर्चित सामाजिक कार्यकर्ता प्रकाश थारूले चारकोसे जंगलको दक्षिणी भेगका थरूहट क्षेत्रमा कृषकले अहिले वर्षको तिन बाली भित्र्याईरहेको तर अनियंत्रित जंगल फड़ानी भए पानीका मुहानहरू सुक्दै जाने खतरा रहेको औंल्याए। पानीको सतह पछिल्ला केही वर्षमा धेरै तल गइसकेकोले विमानस्थल निर्माणको लागि न्युनतम चाहिने जग्गामात्र अधिग्रहण गर्नुपर्ने र अहिले प्रचारित विश्वको तेस्रो सबभन्दा ठूलो विमानस्थल बनाउनेतिर लागेर विश्व सामू हाँसोको पात्र नबन्न उड्ययन प्राधिकरणलाई सुझाउ समेत दिए। उता लालबकैयाको छेउमै गाँउ भएका समाजशास्त्री भरत शाहले चुरेको अनियंत्रित दोहनले नदिको उँचाई खतरनाक गतिले बढ़ीरहेको र वर्षैपिच्छे बाढी आउने त्रास जनमानसमा फैलिदैं गएको कुरा बताए।
साथै वहाँले निजगढ़ एयरपोर्टको लागि माटो पुर्ने बेला फेरी चुरे कटान गरे समस्या झन बल्झिने तर्क दिए। साथसाथै विश्वका साना तर धेरै यात्रीलाई सेवा पुर्याइरहेका लंडनको ग्याट्विक, मुम्बईको क्षत्रपति शिवाजी, चीनको जियामेन इत्यादि जस्ता कुशल र प्रभावकारी एयरपोर्टबाट सिक्न समेत सरकारलाई आग्रह गरे। वहाँले प्रश्न गरे, '६७४ हेक्टेयर बाट ५ करोड़ यात्रीलाई सेवा दिनसक्ने ग्याट्विक विमानस्थलबाट किन नसिक्ने ?'
टांगिया बस्ती सरोकार समितिका अध्यक्ष रमेश सापकोटाले सरकारले बस्ती सार्न मुआब्जा वितरणमा ढिला(सुस्ती गरेको तथा विमानस्थललाई बारा भन्दा बाहिर लग्ने चलखेल शुरूभएको प्रति खबरदारी प्रकट गरे। साथ(साथै सरकारले चुरे छेउ(छाउ बसेका जनतालाई समतल भूभागमा नसारून्जेल चुरेमा उत्खनन तथा सड़क निर्माण भइरहने हुनाले मधेशका उर्वर खेतियोग्य जमीन बचाउन चुरे(भावरका जनतालाई समथल भूभागमा पुनर्वासको माग समेत गरे।
निजगढका स्थानीय समाजसेवी कुमार लामाले निजगढ विमानस्थल ठुलो सानो जस्तो सुकै बनाएपनि निजगढ भन्दा अन्यत्र सार्न नहुने र पर्यावरणको ख्याल राखी निर्माण गर्नुपरेमा जोड दिए। उनले कुनै बेला दक्षिण कोरिया र जापान जस्ता मुलुकलाई दान दिने हैसियत राखेको हाम्रो मुलुकको दुर्दशा फेर्ने परियोजनाको रूपमा निजगढ विमानस्थललाई सबैले सघाउनुपर्ने आग्रह गरे। त्यस्तै सामाजिक अभियन्ता सरोज राय अनुसार जंगल कटानीको सोधभर्ना स्वरूप जति सुकै रूख रोपे पनि त्यो जंगल बन्न नसक्ने बरू बगैचा जस्तो हुने तर्क राखे। रूख रोप्न सकिएपनि दुर्लभ जंगली जनावरको बासस्थल कुनै बगैचा हुननसक्ने कुरा राखे। सरकारले यस परियोजनाका कुनै दस्तावेज सार्वजनिक नगरेकोले सरकारको रूख काट्ने नियत माथि शंका गर्न प्रशस्त ठाँउ रहेको कुरा समेत प्रष्ट गरियो। विमानस्थलको सम्भाव्यता भएको २५ वर्ष अघि र आजको परिस्थिति र प्रविधि धेरै फरक भइसकेको, उ बेला निजगढ़ र सिमरा सानो गाँउ छँदा भएको अध्ययनले इ दुबै शहर विकसित हुने अनुमान नगरेको तथा दुबै ठाँउलाई बाइपास गरेर नयाँ एयरपोर्ट शहर बनाउने सुझाउ रहेको सो रिपोर्ट अहिले काम नलाग्ने प्रष्ट्याए। कार्यक्रमको समापन गर्दै चुरे मधेश विकास मंचका अध्यक्ष सुनिल यादवले अहिलेको बेला तराई(मधेशका सबै समुदाय मिलेर वन जंगल तथा चुरे संरक्षणका लागि हातेमालो गर्दै अघि बढ्नुको विकल्प नरहेको मंतव्य राख्नु भयो। चुरेको अव्यवस्थित उत्खनन र बाटो(घाटो निर्माणमा सरकारले हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्ने बेला आएको तथा कठोर नियमनकारी विभाग संचालन गर्नुपर्नेमा पनि जोड़ दिए। सोमबार सांझ समापन भएको सो कार्यक्रम मंचका उपाध्यक्ष रामाधार यादव, प्रवक्ता राजेश भण्डारी, सचिव लक्ष्मी सिंह, पर्सा अध्यक्ष रा'की झा, बारा अध्यक्ष लक्ष्मी यादव, रौतहट अध्यक्ष लक्ष्मण साह, सर्लाही अध्यक्ष संजय साह, केन्द्रीय सदस्यहरू पन्नालाल पटेल, सूरज गुप्ता, अरविन्द यादव, कोषाध्यक्ष कृष्णाउति देवी साह तथा तराई मधेश राष्ट्रीय परिषद का सदस्य शशी यादव इत्यादिको उपस्थितिमा थियो।

# सप्तरीमा सीमा सम्वाद समूहको अन्तरक्रिया

चन्दनकुमार यादव

राजविराज। सीमावर्ती क्षेत्रमा खुला सीमा बन्द गरी परिचय पत्र लागू गर्ने षडयन्त्र भइरहेको प्रति सप्तरीवासीले आपत्ति जनाएका छन्। नेपाल-भारत खुला सीमा सम्वाद समूहद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा प्रदेश २ का सामाजिक विकासमन्त्री नवलकिशोर साहले नेपाल र भारत बिचको रोटीबेटीको सम्बन्धलाई थप प्रगाढ बनाउनुको सट्टा सम्बन्धमा बाँध ल्याउने काम भएको भन्दै दुबै देशको जनताको आवतजावत तथा सम्बन्धमा ठूलो समस्या हुने बताए। नेपाल भारतको सम्बन्ध सीमासहित रहेकोले बिपतको बेलामा एक आपसमा सहयोगका लागि तारवार आवश्यक नरहेको बताए। सो कार्यक्रममा इतिहासविज्ञ डा. पिताम्वर यादवले दुबै बिचको धर्म संस्कृतिप्रति प्रतिबन्ध लगाई मधेशमै प्रतिबन्ध लगाउने काम भईरहेको उनको आरोप थियो।
उनले भने खुला सिमा सम्वाद समूहले मेचीदेखि महाकालीसम्मका जनतालाई यसको वास्तविक कुरालाई बुझाउन अभियान संचालन गर्नु पर्ने बताउँदै संसदसम्म पुर्याउनुको विकल्प नरहेको बताए। सो अवसरमा राजपाका केन्द्रीय सदस्य तथा क्याम्पसका पूर्वप्रमुख अमरकान्त झाले सीमामा बोर्डर सिल लगाउनु भन्दा दुबै जनताको राय लिएर भावनालाई बुझेर थप सम्बन्धमा सुधार ल्याउनुपर्नेमा जोड दिएका छन्।



दुबै देशक जनताले एक अर्काको देशमा खुल्ला रूपमा किनमेल र बैवाहिक सम्बन्ध जोडने गरेको यो सम्बन्धलाई अझ बिस्तार गर्नुपर्नेमा उनले जोड दिए। उक्त सम्वाद कार्यक्रमका भारत बिहार कुनौली प्रखण्डका मुखीया सत्यनारायण रजक तथा निर्मली प्रखण्डका पुर्व मुखिया अरबिन्द गुप्ताले नेपाल भारतको सीमावर्ती क्षेत्रमा मा हुने तस्कार र अपराधी क्रियाकलापलाई नियन्त्रण गर्ने भारत सरकार नीति भएको बताए।
बर्षो देखि नेपाल भारत खुल्ला सिमा बन्द गर्नाले नेपाल मात्र नभई भारतीय सिमा बर्ती क्षेत्रका बजार समेत प्रभाबित हुने भएकोले दुबै देशका जनताका आवतजावतको सुबिधालाई मध्यनजर गर्दै भारत सरकारले अर्का ब्यबस्था गरी खुल्ला गर्नुपर्नेमा माग गरे।
यसैगरी सो अन्तकृयामा सम्वाद समूहका संयोजक तथा राजपाका महासचिव राजिव झा, सहमहासचिव एंव प्रदेश सांसद नेत्रबिक्रम साह, सहमहासचिव गजेन्द्र मण्डल, राजपा केन्द्रिय सदस्य तथा प्रदेश सांसद बिदेश्वर प्रसाद यादब, राजपा केन्दीय सदस्य तथा पुर्व सांसद बिपी यादब केन्दिय सदस्यहरू दिनेश यादब, नरेन्द्र यादब, बिशेश्वर रजक, अमरनाथ मण्डल, पुनम यादब, जिल्ला समन्वय समिति प्रमुख प्रभाकर यादब, राजबिराज नगरपालीका प्रमुख शंभु यादब, छिन्मस्ता गापा अध्यक्ष सुर्य नारायण मण्डल, उपाध्यक्ष उषा मण्डल, राजबिराजका उपमेयर साधना झा, युवा नेता ईर्साद अंसारी, १२ का अध्यक्ष राजेन्द्र यादब, कोशी पिडित समाज का देब नारायण यादब, राजपाका युवा नेता किसोर यादब, शंभु यादब, सम्वाद समुहका अनिल महासेठ, राजपाका मनोज झा, बिनोद मण्डल, लगायतले नेपाल भारत सिमा खुल्ला रहनु पर्नेमा जोड दिएका छन्।

## मधेश अपडेट

### दास परिवारलाई प्रदेश सरकारको सहयोग

जनकपुरधाम। एसिड आक्रमणमा परी गम्भीर भएकी रौतहट चन्द्रनिगाहपुरकी १८ वर्षीया सम्झना दासको निधनप्रति दुःख व्यक्त गर्दै प्रदेश सरकारले पीडित परिवारलाई थप ३ लाख राहत दिने घोषणा गरेको छ। प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मंगलबार आफ्नो अभिव्यक्ति सार्वजनिक गर्दै उपचाररत मृतककी बहिनी सुस्मीता दासको उपचार र मृतकको राहत स्वरूप बेटी बचाउ बेटी पढाउ योजना बाट उक्त रकम दिने घोषणा गरेका हुन्। उनले एसिड आक्रमणबाट गम्भीर दिदी बहिनीको उपचारको लागि यस अघि नै प्रदेश सरकारले १ लाख दिने निर्णय गरि सकेको जनाउदै सम्झना जीवन रक्षा गर्न नसकिए प्रति दुःख समेत व्यक्त गरेका छन्। साथै उपचारत १५ वर्षीया सुस्मीता दासको उपचारका लागि प्रदेश सरकार कटिबद्ध रहेको समेत जनाएका छन्। यसैबीच, मुख्यमन्त्री राउतले उक्त एसिड आक्रमणको छानवीन गरी दोषी उपर कारबाही गर्न तथा भविष्यमा यस्ता घटना दोहरीन नदिन आवश्यक उपाय तथा कानूनी रायसहित लिखित प्रतिवेदन १५ दिनभित्र पेश गर्न मुख्य न्यायाधिवक्ता दिपेन्द्र झालाई आवश्यक निर्देशन समेत दिएका छन्।

### "कोइराला परिवारबाट उम्मेदवारी दिइने"

रूपन्देही। कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाले पार्टीको आगामी महाधिवेशनमा सभापतिमा कोइराला परिवारबाट उम्मेद्वारी पर्ने बताएका छन्। आइतबार बुटवलमा भएको एक कार्यक्रममा बोल्दै महामन्त्री कोइरालाले कोइराला परिवारबाट शेखर, सुजाता र आफूमध्ये एक जनाले सभापतिमा उम्मेद्वारी दिने घोषणा गरे। कोइराला परिवार भित्रका नेताहरूको सम्बन्ध र आगामी महाधिवेशनमा सभापतिको उम्मेद्वारीको सम्बन्धमा पत्रकारहरूले राखेको जिज्ञासामा कुनै कोइराला परिवारभित्र विवाद नभएको र आउँदो महाधिवेशनमा मिलेर नै एक जनाले उम्मेद्वारी दिने बताए। शेखर सुजाता र म बिच कुनै विवाद छैन महाधिवेशन आउन पनि समय छ तर त्यत्ति बेला मिलेर नै एक जनाको उम्मेद्धारी पर्छ।महामन्त्रि कोइरालाले पार्टीको बिधान संशोधन गर्दा केन्द्रीय सभापति सहित केन्द्रका अधिकारलाई वडा तहसम्म विकेन्द्रित गर्नु पर्ने बताए। उनले भने पार्टी सामुहिक नेतृत्वमा जाने कि सभापतिय पद्धतिमा भन्नेमा स्पष्ट पारेनन्।

### "समाचार सेयर गर्दा जागिर खोसियो"



जनकपुरधाम। संविधान विरोधी तथा डा.सीके राउतसम्बन्धी समाचारका लिंकहरू सामाजिक सञ्जालमा सेयर गर्दा धनुषा जिल्ला अदालतमा कार्यरत् एक कर्मचारीको जागिर गएको छ। धनुषा जिल्ला अदालतमा कार्यरत कर्मचारी गुञ्जा रायले असोज ३ गते संविधान दिवसका दिन संविधानविरोधी समाचारको लिंक सेयर गरेको भन्दै अदालबाट निकालिनु परेको दुःखेसो पोखेकी हुन्। 'मधेशमा ब्ल्याक आउट, प्रदेश २ का मुख्यमन्त्री संविधान दिवसमा सहभागी भएनन्' तथा सिके राउतसम्बन्धी समाचार सेयर गरेको भन्दै आफूलाई अदालतले जागिरबाट निकालेको उनको आरोप छ। आइतबार बिहान जनकपुरधामको नेपाल पत्रकार महासंघ धनुषाको सभाहलमा पत्रकार सम्मेलन गर्दै रायले असोज ४ गते आफुलाई जिल्ला अदालतका श्रेस्तेदार राधाकृष्ण झाले बोलाएर संविधानविरोधी पोस्टहरू सेयर किन गरेको भनी मौखिक स्पष्टीकरण लिएको र भोलिपल्ट आफ्नो काममा जाँदा आफूलाई म्याद सकिएको पत्र दिएर घर जान भनेको पत्रकार सम्मेलनमा रायले सुनाइन्। यता, जिल्ला अदालत धनुषाका श्रेस्तेदार राधाकृष्ण झाले गुञ्जा राय करारको कर्मचारी भएको र उनको काम सन्तोषजनक नभएकोले म्याद थप नगरिएको बताए।

### "सरकार साम्यवादी शासन व्यवस्थातर्फ उन्मुख"

चन्द्रकान्त खनाल, रूपन्देही। विधान संशोधनको तयारीमा रहेको नेपाली कांग्रेसले भैरहवामा साबिकको लुम्बिनी अञ्चलका ६ जिल्लाका नेताहरूसँग सुझाव संकलन सुरू गरेको छ। भैरहवास्थित कांग्रेस पार्टी कार्यालयमा सुरू भएको छलफल कार्यक्रम तथा भेलामा रूपन्देही, नवलपरासी, कपिलबस्तु, पाल्पा, गुल्मी, अर्घाखाँचीका सभापतीहरू, महासमिति तथा महाधिवेशन प्रतिनिधि,क्षेत्रीय सभापती, भातृ तथा सुभेक्छुक संघका सभापतिहरूको सहभागिता रहेको छ। सुझाव संकलन अघि आयोजित संक्षिप्त उदघाटन कार्यक्रममा कार्यक्रममा बोल्ने कांग्रेस केन्द्रिय नेताहरूले पार्टी भित्रको गुट उपगुट अन्त्य गरी काँग्रेसलाइ बलियो बनाउन बिधान संसोधन लागीएको बताएका थिए। बाम गठबन्धनको सरकराले काँग्रेसको नेतृत्वमा बनेको लोकतान्त्रिक सविधानको मुल मर्मलाइ अझै आत्मसाथ गर्न नसकेको भन्दै संविधान र लोकतन्त्रको रक्षाकालागि काँग्रेसलाइ बलियो बनाएर लैजानु पर्नेमा उनीहरूले जोड दिएका थिए। गमलामा रोपएको बिरूवामा पाली राखेर कार्यक्रमको उदघाटन गर्दै नेपाली काँग्रेसको संसदिय दलका उपनेता बिजय कुमार गच्छदारले बर्तमान सरकार साम्यबादी शासन व्यवस्था तर्फ उन्मुख हुन खोजेको आरोप लगाए। उनले बाम गठबन्दनको सरकारले पाँच बर्षलाइ मात्रै नभइ दशक बढी लामो शासन संचालन गर्ने सपना देखेको भन्दै त्यसलाइ काँग्रेसले डटेर सामना गर्नु पर्ने वताए। 'बाम गठबन्दनले १०/१५ बर्षे शासन सत्ता संचालन गरेर साम्यबाद तर्फ उन्मुख हुने योजना बनाएका छन। त्यसतर्फ काँग्रेस बेलैमा सचेत हुन जरूरी छ' नेता गच्छदारले भने। बाम नेतृत्वको सरकारले लोकतान्त्रिक संविधानको मुल मर्मलाइ आत्मसात गर्न नसकेको आरोप लगाउदै संविधान र संघियता सफल बनाउन काँग्रेस बलियो बन्नु पर्ने र त्यसैकालागि बिधान संसोधन गर्न लागीएको बताए।

### महिला संघद्वारा प्रधानमन्त्रीलाई ज्ञापन पत्र

कपिलवस्तु। नेपाल महिला संघ कपिलवस्तुले जिल्ला प्रशासन कार्यालय मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाएको छ। देशमा वलत्कारका घटना बढ्नु, वलत्कारी पत्ता नलगाउनु र हिंसा र हत्या दिनहुं भएकोले शान्ति सुरक्षा र महिलाहरूलाई हिंसा र असुरक्षाको भावना बुद्धि हुदै गएको भन्दै ज्ञापन पत्र बुझाएको हो। त्यस्तै पेट्रोलियम पर्दाथको मुल्य पटक पटक बढाउनु र दैनिक उपभोग्य वस्तुमा महंगी गराई गरिव जनताको सरकारले समस्या पारेको प्रति ज्ञापन पत्रमा उल्लेख गरिएको छ। उल्लेखित घटनाहरूको छनविन गर्न तथा मुल्य बृद्धि फिर्ता गर्न माग गरिएको छ। बलत्कारलिाई तत्काल खोजी गरि कारवाही गर्नुको साथै महिलाहरूलाई सुरक्षा साथै मुल्य बुद्धि तत्काल फिर्ता नलिए महिला संघ आन्दोलनमा उर्तने ज्ञापन पत्रमा उल्लेख गरिएको छ।

### "समानुपातिक रूपले विधान संशोधन हुने"

विराटनगर। नेपाली कांग्रेसका महामन्त्री पूर्णबहादुर खड्काले संविधानले व्यवस्था गरेअनुसार माथिदेखि तलसम्म समावेशी, समानुपाति रूपले विधान संशोधन गरिने बताएका छन्। विधान संशोधन समितिका संयोजकसमेत रहेका खड्काले तीन किसिमका सुझाव आएको समितिले सर्वसम्मत रूपले सुझाव ग्रहण गरिने जानकारी दिए। उनले पुरानो विधानअनुसार केन्द्रीय समितिका सम्पूर्ण पद निर्वाचन र सभापतिले सम्पूर्ण पद मनोनीत गर्नेजस्ता सुझावलगायत अन्य विकल्पलाई समितिभित्र छलफल गरी सर्वसमितिले निर्णय गरिने बताए।

### "एउटा प्रदेशमा एउटा कृषि क्याम्पस जरूरी"

कैलाली। शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री गिरिराजमणि पोखरेलले एउटा प्रदेशमा एउटा कृषि क्याम्पस जरूरी रहेको बताएका छन्। उनले प्राविधिक विषयका लागि भौतिक पूर्वाधार, प्रयोगशाला र प्रशिक्षक सबैभन्दा अनिवार्य रहने धारणा व्यक्त गरेका छन्। अब प्राविधिक शिक्षामा जोड दिनुपर्ने उनले बताए। कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत प्राकृतिक स्रोत व्यवस्थापन कलेज टीकापुरको भवन शिलान्यास समारोहमा उनले भने, "मुलुकको विकास र समृद्धिका लागि प्राविधिक शिक्षामा जोड दिनुपर्छ।" मन्त्री पोखरेलले अहिलेसम्म कुन सङ्कायमा कति विद्यार्थी उत्पादन भए, त्यसको कुनै तथ्याङ्क राख्न नसक्दा समस्या भएको बताउँदै कुनै क्षेत्रमा जनशक्ति फालाफाल छ भने कुनै क्षेत्रमा जनशक्ति खोज्नुपर्ने अवस्थामा छ, त्यसैले प्राविधिक शिक्षाले मात्र देशको आवश्यकता परिपूर्ति गर्नमा सहयोग पुऱ्याउँछ भने।

### नेवि संघद्वारा तोडफोड

रूपन्देही। नेपाल विद्यार्थी संघले लुम्बिनी वाणिज्य क्याम्पस र बुटवलमा क्याम्पस प्रमुखको कार्यकक्ष तोडफोड गरेको छ। क्याम्पस प्रमुखको टेबुल, कुर्सी, टेलिफोन र सवारी साधनसमेत तोडफोड भएको लुम्बिनी वाणिज्य क्याम्पसले जनाएको छ। क्याम्पसमा सञ्चालक समितिले आठ प्राध्यापक र तीन जना कर्मचारी छनोट गरेको विषयमा अहसमति जनाउँदै संघले क्याम्पस प्रमुखको कार्यकक्षमा तोडफोड गरेको जनाइएको छ। त्रिभुवन विश्वविद्यालयको ऐन, नियम र परिधिमा रहेर सञ्चालक समितिको निर्णयअनुसार उम्मेदवार छनोट भएको दाबी गरिएको छ। कुनै छलफलबिना नियोजित रूपमा निराधार आरोप लगाएर तोडफोड भएको आरोप छ।

# थारू कल्याणकारिणी सभाको संघर्षका कार्यक्रमहरू

आदिवासी थारू समुदायको गौरवशाली राष्ट्रिय साझा संस्था थारू कल्याणकारिणी सभाको २२औं राष्ट्रिय महाधिवेशन यहि मिति असोज ७, ८ र ९ गते काठमाण्डौमा भव्यरूपमा सम्पन्न भएको छ। **"थारू समुदायको आह्वान, आत्मनिर्णयको अधिकार सहित थरूहट स्वायत्त प्रदेशको निर्माण"** मूल नाराका साथ शिवदर्शन पार्टी प्यालेसमा सम्पन्न भएको तीन दिवसीय राष्ट्रिय महाधिवेशनले सभाको नयाँ नेतृत्व चयन गर्नुको साथै नीति, योजना तथा भावी संघर्षका कार्यक्रमहरू पारित गरेको छ।




१) थारू कल्याणकारिणी सभाको २२औं राष्ट्रिय महधिवेशनका गरिमामय बन्द सत्रबाट **धनिराम चौधरीको अध्यक्षतामा ३६ सदस्यीय नयाँ कार्यसमिति** चयन गरेको छ। जसमा केन्द्रीय सदस्यहरूमा कन्नुलाल चौधरी (मोरङ), जयराम पंजियार (उदयपुर), प्रेमीलाल चौधरी (काठमाण्डौ), मिनराज चौधरी (बर्दिया), उत्तम चौधरी (धनुषा) बिरेन्द्र चौधरी (सिरहा), जंजिर प्रसाद चौधरी (कपिलबस्तु) साबित्री चौधरी (सप्तरी) धर्मलाल चौधरी (काठमाण्डौ) अधिकलाल चौधरी (रौतहट), देवी प्रसाद चौधरी (रूपन्देही) कृष्ण बहादुर थारू (सुर्खेत), बृजमोहन चौधरी (पर्सा), चन्द्रनारायण सिंह थारू (महोत्तरी), आश नारायण थारू (सर्लाही), बिरेन्द्र चौधरी (नवलपुर), जानकी चौधरी ( मकवानपुर), नरेस चौधरी (परासी), हरिनारायण चौधरी (झापा), नेम नारायाण सिंह थारू (बाँके), राजेन्द्र प्रसाद चौधरी (चितवन), रामचरण चौधरी (कैलाली), चूर्ण बहादुर चौधरी (दाङ), पुनित लाल चौधरी (सुनसरी), ह्दय नारायण चौधरी (बारा), भागरथी राना थारू (कन्चनपुर), दिल कुमारी चौधरी (सप्तरी), कृष्णमाया चौधरी ( झापा), बिष्णु कुमारी चौधरी ( चितवन), सरस्वती चौधरी ( काठमाण्डौ), उर्मिला देवी चौधरी ( सुनसरी), लक्ष्मी चौधरी (मोरङ), यशोदा चौधरी (दाङ), सुमित्रा चौधरी (कपिलबस्तु) र इन्दु चौधरी (कैलाली) निर्वाचित हुनु भएको छ।

२) थरूहट/थारूवान संयुक्त संघर्ष समितिले आह्वान गरेको शान्तिपूर्ण आन्दोलनका क्रममा रहस्यमय एवं सुनियोजित दुःखद् टीकापुर घटना पछि अध्यक्ष धनिराम चौधरी लगायत दर्जनौ थारू नेता कार्यकर्ताहरू माथि लगाइएको सर्वस्वहरूण सहित जन्मकैदको झुठा मुद्दा फिर्ता र जेलबन्दीहरूको निशर्त रिहाई तथा शहीद परिवारको रोजगारी, घाइतेहरूको औषधी उपचार, बिस्थापितहरूलाई राहत तथा क्षतिपुर्ति उपलब्ध गराउनको लागि प्रधानमन्त्री, सभामुख, विपक्षि दलका प्रमुख नेताहरूलाई अल्टीमेटम सहित ज्ञापन पत्र बुझाउने।

३) थरूहट/थारूवान संयुक्त संघर्ष समिति संग सरकारले गरेका सहमती सम्झौतालाई कार्यान्वयन गर्नका लागि सशक्त दबाब सृजना गर्ने।

४) २०७२ सालमा जारी गरिएको संघीय नयाँ नेपालको संविधानले आदिवासी थारू, जनजाति, मेधसी, दलित, मुस्लिम, आदिका माग मुद्दाहरू समुचित हिसावले सम्बोधन नगरेको हुनाले अविलम्ब संविधान संशोधन गरी माग र मुद्धाहरू पुरा गरियोस।

५) पहिचानका ५ र सामर्थ्यका ४ आधारमा जातीय पहिचान, स्वशासन, आत्मनिर्णको अधिकार र राजनीतिक अधिकार सहितको थरूहट तराईमा ३ (तीन) प्रदेशको सुनिश्चित्तता हुनुपर्ने। **(क)** यसरी प्रदेश बनाउदा पश्चिम कञ्चनपुरदेखि चितवनसम्म थरूहट स्वायत्त प्रदेश हुनुपर्ने। **(ख)** पर्सा, मकवानपुरदेखि धनुषासम्म मध्यतराई सिम्रौन गढ प्रदेश हुनुपर्ने। **(ग)** सिराहादेखि उदयपुर सहित झापासम्म पूर्वी थरूहट/थारूवान कोचिला स्वायत्त प्रदेश हुनुपर्ने। **यसको बिकल्पमा** पश्चिम कञ्चनपुरदेखि चितवनसम्म एउटा प्रदेश र पर्सादेखि उदयपुर हुँदै झापासम्म अर्को प्रदेश निर्माण गर्नुपर्ने।

६) कैलाली क्षेत्र नं. १ बाट अत्याधिक जनमत प्राप्त गरी प्रतिनिधि सभा सदस्य पदमा विजयी भएका थरूहट आन्दोलनकर्मी रेशम चौधरीलाई निशर्त अविलम्ब रिहाई गरी शपत ग्रहण गराइयोस।

७) थरूहट आन्दोलनको क्रममा रहस्मय टीकापुर घटना पश्चात छानबिनका लागि बनेको देवीराम शर्मा, गृशचन्द्र लाल दासको संयोजकत्वमा गठित उच्चस्तरिय छानबिन समितिको प्रतिवेदन लगायत सम्पूर्ण जाँचबुझ सम्बन्धी आयोगका प्रतिवेदन अविलम्ब सार्वजनिक गर्न जोरदार माग गर्दछौं।

८) थरूहट आन्दोलनलाइ सशक्त बनाउनको लागि थारू समुदायको आह्वान आत्मनिर्णयको अधिकार सहित थरूहट स्वायत्त प्रदेशको निर्माण" मूल नाराका साथ माग मुद्दा मिल्नेहरू पहिचानवादी संघ संस्थाहरू संग संवाद, सम्वन्य, सहकार्य गर्दै दशैं तिहार पछाडी **मेची - महाकाली थरूहट जागरण अभियान** सशक्त रूपमा गर्ने।

९) थरूहट आन्दोलनका क्रममा ज्यानको आहुती बलिदानी गर्नुहुर्ने थरूहट शहीदहरूको उच्च सम्मान गर्दै **"थरूहट शहीद प्रतिष्ठान"** स्थापना गरी थारू समुदायको विभिन्न पक्षमा विकासका कार्य गर्ने।

१०) थारू कल्याणकारिणी सभाको काठमाण्डौमा केन्द्रीय कार्यालय को भवन निर्माण गर्नका लागि **"थारू कल्याणकारिणी सभा भवन निर्माण अभियान"** सुचारू गरी पाँच वर्षमा भवन निर्माण सम्पन्न गरी प्रविधियुक्त एवं व्यवस्थित गर्ने।

११) थारू यूवाहरूको रोजगारी एवं विद्यार्थीहरूको लागि शिक्षण संस्थाहरूमा भर्ना, छात्रबास, छात्रबृत्ति एवं विभिन्न अवसरहरूका लागि विशेष योजना बनाई पहल गर्ने।

१२) थारू किसानहरूको हक हित एवं आधुनिक कृषि प्रविधिमा जोड, मलखाद, उन्नत बिउ बिजन, प्रविधि यान्त्रिकरणमा सहुलिय सहित समुचित बजार मूल्य निर्धारणका लागि सम्बन्धित निकायहरूमा पहल गर्ने।

१३) थारू जाति समुदायको संस्कृति संरक्षण संवर्द्धनको अभियान चलाउदै संस्कृति, धर्म, लोक कला, साहित्य, शिक्षा, आदि सहित बिस्तृतरूपमा **"थारू प्रोफाइल"** बनाउने।

१४) थारू कल्याणकारिणी सभाको **"आजीवन सदस्य वितरण अभियान"** को रूपमा देशैभरी संचालन गरी कम्तिमा एक लाख सदस्यता वितरण गर्ने।

१५) सभालाई अझै सशक्त एवं प्रभावकारी संगठन बनाउनको लागि **"हाम्रो थाकस, हाम्रो गौरव"** स्लोगनका साथ स्वदेश तथा विदेशमा रहेका थारू समुदायका संघ संस्थाहरूलाई सभामा आवद्ध गरी सहकार्य एवं समन्वय गर्दै उद्देश्य प्राप्तिका लागि सहकार्य गर्ने।

१६) थरूहट/थारूवान संयुक्त संघर्ष समितिले उठाएको १३ बुँदे लगायतका मागहरू हालसम्म पनि पुरा नभएको हुनाले यस वर्षको दशै तिहार लाई आन्दोलनको रूपमा मनाउने।

१७) आदिवासी थारू, जनजाति समुदायको प्रथाजनित कानुनको मान्यता दिदै थारू जातिका सांस्कृतिक पर्वहरू माघी, जितीया, समाचकेवा, फगुवा (होरी), अट्वारी आदि पर्वमा सरकारले सार्वजनिक बिदा दियोस।

१८) केन्द्र, प्रदेश तथा स्थानीय सरकार लगायत हरेक तहमा अर्थपूर्ण सहभागिता, राजनीतिक नियुक्ति एवं अवसरमा थारू समुदायको जातीय जनसंख्यको आधारमा प्रतिनिधित्वको सुनिश्चितता गरियोस्।

१९) नेपाल सरकारद्धारा प्रतिवद्धता तथा सहमती जनाएका आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, आइएलओ महासन्धी १६९, सिबिडि कन्भेन्सन आदि अन्तर्राष्ट्रिय सन्धी सम्झौता अक्षरस कार्यान्वयन गरियोस।

२०) सिकलसेल एनिमियाबाट प्रताडित थारू समुदायको औषधी उपचारको लागि सरकारले हाल उपलब्ध गराउदै आएको सहयोग रकम न्यून तथा अपुग भएको एवं उपचार प्रक्रिया प्रभावकारी नभएको हुनाले सरकारले उनीहरूको जीवन रक्षाका लागि यथोचित रकम वृद्धि गरी उपचार सुलभ, सहज तथा प्रभावकारी बनाउन माग गर्दछौं।

२१) थारू कल्याणकारिणी सभा केन्द्रीय कार्यसमितिको दोस्रो बैठक कार्तिकको १६ र १७ गते काठमाण्डौमा बसी बिस्तृत संघर्षका कार्यक्रमहरू तय गर्ने।

२२) महाधिवेशनलाई भव्यरूपमा सम्पन्न गर्न गराउनको लागि सहयोग गर्नुहुने महाधिवेशन मूल आयोजक समिति, केन्द्रीय पदाधिकारी तथा सदस्यज्यूहरू, संरक्षकज्यू, सल्लाहकारज्यू, प्रतिनिधि, पर्यवेक्षक, निर्वाचन मण्डल, सभाका जिल्ला लगायत सबै तहका पदाधिकारी एवं सदस्यहरू, स्वंसेवक, नेतागण, पत्रकार, बुद्धिजिवी, समाजसेवी, पेशाकर्मी, महिला, यूवा विद्यार्थी, किसान, उद्योगी व्यापारी सुरक्षाकर्मी लगायत प्रत्यक्ष परोक्ष सहयोग गर्नुहुने सबैमा आभार प्रकट गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

**धनिराम चौधरी**
**अध्यक्ष**
**२०७५ असोज ११ गते**

## दस्तावेज

## साउदीमा रहेका मधेशीहरूद्वारा सहयोग

काठमाडौं। प्रहरी हिरासतमा मृत्यु भएका बाँकेका राम मनोहर यादवको परिवारलाई साउदीमा रहेका मधेशीहरूले राहत रकम संकलन गरी सहयोग गरेका छन्।

आर्थिक अवस्था कमजोर रहेका राम मनोहरको मृत्युपश्चात् उनका बालबच्चा तथा परिवारको बिचल्ली रहेको अवस्थामा साउदीमा रहेका मधेशीहरूले पीडित परिवारलाई राहतस्वरूप सो रकम संकलन गरी पठाएका छन्। वैदेशिक रोजगारको सिलसिलामा साउदीमा रहेका बुधेश्वर महरा र रामस्वरूप मण्डलले साउदीस्थित अब्दुल्लाह कम्पनीमा कार्यरत् मधेशीसँग संकलन गरेको नेपाली रूपैयाँ ६१ हजार ४ सय १६ राम मनोहरको परिवारका लागि पठाएका छन्।

साउदीमा रहेका रामस्वरूप मण्डल २५१, बुधेश्वर महरा २५१, विजय महरा २०१, दिलिप गोसाइ १०१, अशोक महतो, १०१, सन्तोष कापर ५१, रंजित कुमार साह ५१, शत्रुधन साह ५१, संजीप साह ५१, शिवशंकर दास ५१, प्रदीप महरा ५१, मनोज भगत ५१, विष्णु कुमार ठाकुर ५१, राजलाल यादव ५१, राजेन्द्र यादव ५१, किशोर महतो ५१, रामउद्गार साह ५१, महादेव यादव ५१, इन्द्रेश पासवान ५१, लोकरंजन महतो ५१, देवचरण यादव ५१, कासिन्द्र महतो ५१, सुनिल साह ५१, एकबाल महतो, ५१, वीरेन्द्र ठाकुर ५१, अशोक कुमार महतो ५१, वीरेन्द्र साह २१ र देवकुमार यादव २१ साउदी रियाल सहयोग गरेको स्वतन्त्र मधेश गठबन्धनका नेता जासर यादवले मधेशवाणीलाई जानकारी दिए।

१. "रेविजबारे जनचेतना फैलाऔं, अमूल्य जीवन बचाऔं" भन्ने नाराका साथ बाह्रौं विश्व रेविज दिवस–२०७५ यहि आश्विन ६ देखि १२ गतेसम्म भव्यताका साथ मनाऔं ।

२. आ–आफ्ना कुकुर/विरालोलाई रेविज विरूद्धका खोप लगाऔं ।

३. शंकास्पद जनावरले टोकेमा नजिकका सम्बन्धित चिकित्सकसँग सल्लाह लिऔं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला
त्रिपुरेश्वर

## संक्षिप्त समाचार

### एकै दिन ५० हजार विरूवा रोपिने

जनकपुरधाम। प्रदेश सरकारले आफ्नो नीति तथा कार्यक्रममा समेटेको हरित प्रदेश योजना कार्यान्वयनमा आउने भएको छ। मन्त्रिपरिषद्को सोमबार बसेको बैठकले हरित प्रदेश योजनालाई सार्थकता प्रदान गर्न असोज १२ गते एकै दिन प्रदेशभरिमा ५० हजार विरूवा रोप्ने निर्णय गरेको छ। वृक्षरोपण कार्यक्रममा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीलगायत सबै मन्त्री र राज्यमन्त्रीहरू उपस्थित हुने आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र यादवले जनाए। स्वच्छ वातावरणका लागि हरित प्रदेश योजनालाई सार्थकता दिन लागिएको हो। वृक्षरोपन कार्यक्रमका लागि सबै जिल्लामा वन डिभिजन कार्यालयहरूले समन्वय गरिरहेको छ। हरित प्रदेश योजना जिल्लाका सरकारी वनमा लागू हुने जनाइएको छ।

### नि:शुल्क क्यान्सर जाँच

नेपालगन्ज। मारवाडी युवा मञ्चले नेपालगन्ज्जमा नि:शुल्क क्यान्सर जाँच शिविर सञ्चालन गरेको छ। क्यान्सरको शुरूवाती अवस्था पत्ता लगाई उपचारमा सहयोग पुर्याउने उद्देश्यले नि:शुल्क क्यान्सर जाँच शिविर आयोजना गरिएको मारवाडी युवा मंच बाँकेका अध्यक्ष महेश अग्रवालले बताए। अखिल भारतीय मारवाडी युवा मंचको सहयोगमा आयोजना गरिएको शिविरमा मुखको सम्पूर्ण जाँचका साथै महिलाको पाठेघरको क्यान्सर, सुगर, ब्लडप्रेसर, रगतको सबै प्याथालोजी जाँचसमेत नि:शुल्क प्रदान गरिएको शिविरका संयोजक प्रविण सरावगीले जानकारी दिए।

### दुर्घटनामा उपप्रमुखको छोराको मृत्यु

राकेश यादव, रौतहट। रौतहट जिल्लाको गौर चन्द्रनिगाहपुर सडकखण्डअन्तर्गत गौर नगरपालिका वडा नम्बर ६ सवगढा नजिक शुक्रवार भएको मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु भएको छ। सडकमा रहेको भैसीले ठक्कर दिँदा दुर्घटना भएको हो। गौरतर्फ आउँदै गरेको बीआर ३० एम ४५९६ नम्बरको मोटरसाइकल दुर्घटनामा यमुनामाई गाउँपालिका वडा नम्बर ५ निवासी गणेश साहको छोरा १९ वर्षीय छोरा राजन साह भन्ने गौरव दिवाकरको मृत्यु भएको छ। मृतक दिवाकर यमुनामाई गाउँपालिकाका उपप्रमुख गीता देवी साहको छोरा हुन्।

### बाबुले छोरालाई बञ्चरो प्रहार गर्दा मृत्यु

कैलाली। टीकापुरमा बाबुले बञ्चरो प्रहार गरी छोराको हत्या गरेका छन्। घरायसी विवादमा टीकापुर नगरपालिका ८ कालिमाटीमा शनिबार साँझ ७५ वर्षीय पहले लुहारको आक्रमणबाट ५० वर्षीय छोरा कृतबहादुर लुहारको मृत्यु भएको हो। बञ्चरोले टाउकोमा हिर्काउँदा घाइते हुँदा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। बाबु पहलेलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### कोचाबखारीमा कृषक समूह गठन

सप्तरी। राष्ट्रिय कृषक समूह महासंघले छिन्नमस्तामा कृषक सेवा केन्द्र कोचाबखरी गठन गरिएको छ। सोमबार छिन्नमस्ता गाँउपालिका वडा नम्बर १ का वडाअध्यक्ष बिनोद कुमार यादवको अध्यक्षतामा बसेको बैठकले किसानहरूको हकहितको सवाल तथा कृषक समूहबाट किसानहरूलाई धानबालीमा सहयोगको साथै खाद्य, मल, बीउबिजन सहजरूपमा किसानलाई उपलब्ध गराउने उद्देश्यले कमिटि गठन गरिएको हो। सो बैठकबाट लालापट्टीका स्थानीय कृषक धन्नजय यादवको अध्यक्षतामा ७ सदस्यीय कोचाबखारी कृषक सेवा केन्द्र गठन गरिएको हो। गठित समितिको उपाध्यक्षमा छिन्नमस्तामा १ बरहीका ममता देबी राय, सचिवमा बिनोद साह, कोषाध्यक्षमा गगनदेबी मण्डल चयन गरिएको छ। यसैगरी, सदस्यहरूमा रंजित कुमार साह, सुकमार साह, धिरेन्द्र कुमार यादव, देबसुनैर देबी मण्डल चयन गरिएको समितिका अध्यक्ष धन्नजय यादबले बताए।

### नवलपरासीमा पनि महिलामाथि एसिड प्रहार

नवलपरासी। दिनानुदिन मुलुकमा महिला हिंसाका घटनाहरू बढ्दै गइरहेको छ। रौतहटमा किशोरीमाथि भएको एसिड प्रहारको घटना सेलाउन नपाउँदै नवलपरासीमा पनि एक महिलामाथि त्यस्तो घटना दोहोरिएको छ। पूर्वी नवलपरासीको कावासोतीमा एसिड र छुरा प्रहारबाट एक महिला गम्भीर घाइते भएकी छन्। कावासोती नगरपालिका-१६ डण्डा हरबासीकी बसन्ती परियारलाई छिमेकी विमल श्रीपालीले एसिड र छुरा प्रहार गरेका हुन्। सोमबार साँझ बजार गरेर घरतर्फ जाँदै गरेकी परियारलाई बाटोमा एक्कासी आक्रमण भएको प्रहरीले जनाएको छ। घाइते परियारलाई चितवनको भरतपुर अस्पतालमा लगिएको थियो। एसिड र चक्कु प्रहार गर्ने विमल श्रीपालीलाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ।

### पप्पुका संचालकलाई पक्राउ पुर्जी

राकेश यादव, रौतहट। रौतहट जिल्ला अदालतले लालबकैया नदीको पुलका निर्माण गर्ने जिम्मा लिएका निर्माण कम्पनी पपु कंस्ट्रक्सनका संचालकलाइ पक्राउ पुर्जी जारी गर्न अनुमति प्रदान गरेको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले गत भाद्र ९ गते भएको डूंगा दुर्घटनाको दोषी निर्माण कम्पनी भएको भन्दै मुलुकी फौजदारी कार्यविधि सहिंता ऐन २०७४ को परिच्छेद २ को दफा ९ को उपदफा २ बमोजिम तत्कालै पक्राउ गर्नु पर्ने मानसिब कारण उल्लेख गरी दिएको निवेदन अनुसार जिल्ला अदालतले सोही ऐनको उपदफा ३ अनुसार पक्राउ पुर्जी जारी गर्न असोज ४ गतेमा अनुमति प्रदान गरेको हो। प्रहरी उपरीक्षक केदार ढकालले अदालतले दिएको अनुमति अनुसार सही ऐनको अनुसूची ८ बमोजिम निर्माण कम्पनीका संचालक सुमित रौनियारको नाउमा पुर्जी जारी गरिसकेको बताएका छन्।

### भारतीय रूपैयाँसहित पक्राउ

कैलाली। कैलाली जिल्लाको भजनी नगरपालिका ३ कुसुमघाट इलाकाबाट एपीएफ टोलीले ७१ लाख ७९ हजार ३ सय भारतीय रूपैयाँसहित एक जनालाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल नेपाल गण हेक्वा नम्बर ३४ गण कैलालीबाट सशस्त्र प्रहरी नायव उपरीक्षक धिरेन्द्र शाह र बोर्डर आउट पोष्ट भजनीबाट सशस्त्र प्रहरी निरीक्षक धनबहादुर सिंहको कमाण्डमा खटिएको एपीएफ टोलीले सुराकीको आधारमा उक्त रकमसहित कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका १ बस्ने ३१ वर्षिय कृष्णराज जोशीलाई पक्राउ गरेको हो। उनले से. ४ प ६७६० नम्बरको मोटरसाइकलमा आलुको बोराभित्र लुकाई छिपाई ल्याउँदै गरेको अवस्थामा उक्त रकम बरामद गरिएको हो। निज जोशीले भारतको गुजरातबाट सो रकम ल्याई घर लैजान लागेको भनि एपीएफ टोलीलाई बताएका छन्।

### घरको छतबाट खसेर मृत्यु

कपिलवस्तु। बाणगंगा नगरपालिका-९ बर्देवा बस्ने बाबुराम घिमिरेको ७ वर्षीय छोरा शुजल घिमिरेको शुक्रबार राति घरको छतबाट खसेर मृत्यु भएको छ। आफ्नै घरको छतबाट शौचालय गर्ने क्रममा खसेर गम्भीर घाइते भएका शुजलको नयाँ मेडिकल क्लेज चितवनमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### अनियमित लोडसेडिङ्गले समस्या

नेपालगन्ज। नेपालगञ्जमा एकहप्तादेखि विद्युत् अनियमित हुँदा जनजीवन प्रभावित हुन पुगेको छ। दिउँसो र साँझको समय विद्युत् अनियमित हुँदा उद्योग व्यवसाय सञ्चालनमा कठिनाइ भएको छ। विद्युत् अनियमित हुँदा स्थानीय पत्रपत्रिका प्रकाशनमा समस्या देखिएको गुनासाहरू आएका छन्। नेपालगञ्जमा विद्युत् अनियमित हुँदा उद्योग व्यवसायमा क्षति पुगिरहेको व्यावसायीहरू बताउँछन्। केन्द्रीय प्रसारण लाइनबाट विद्युत् अवरोध भएका कारण अहिले नेपालगञ्जमा दैनिक ८ घण्टासम्म विद्युत् अनिमित गर्नुपर्ने अवस्था आएको नेपाल विद्युत् प्राधिकरण नेपालगञ्ज वितरण केन्द्रले जनाएको छ।

# सीमा व्यवस्थित गर्दा त्यस क्षेत्रका जनताको पनि धारणा बुझ्नुपर्छ



## राजीव झा

### संयोजक, नेपाल-भारत सीमा सम्वाद समूह

**० तपाईंहरूले गठन गर्नुभएको नेपाल-भारत सीमा संवाद समूहको उद्देश्य के हो ?**

– अहिले नेपाल-भारत खुल्ला सीमानालाई व्यवस्थित गर्न तार जाली लगाउने भन्ने विषय उठिरहेको छ। बोर्डरको छेउछाउ बस्ने व्यक्तिहरूसँग छलफल नै नगरी सीमा व्यवस्थापनको विषय अगाडि ल्याइएको छ। त्यहाँका जनताका लागि यस्तो प्रकारको सीमा व्यवस्थापन उचित हुन्छ कि हुँदैन भन्ने विषयमा संवाद गर्नका लागि नै हामीले यो संवाद समूहको निर्माण गरेका छौं। नेपाल-भारत प्रवुद्ध समूह (ईपीजी)ले आ-आफ्नो देशको सरकारलाई प्रतिवेदन तयार पारेको छ। ईपीजीका सदस्यहरूको विज्ञतामाथि कुनै प्रकारको शंका मलाई छैन। तर, आँखाको डाक्टर आँखाकै लागि मात्र ठिक हुन्छ उसले मुटुको अप्रेशन गर्न सक्दैन। त्यस्तै जो प्रभावित व्यक्ति छ उनीहरूको अवस्था पनि बुझ्नुपर्ने हुन्छ। सीमा व्यवस्थित गर्ने विषयमा निर्णय गर्दा त्यस क्षेत्रका जनताको धारणा पनि बुझ्न आवश्यक छ। मधेशमाथि नाकाबन्दी गर्ने र दबाब दिने अन्तिम अस्त्रको रूपमा भारतसँगको नाकामा तारजाली लगाउने विषयलाई अगाडि ल्याइएको हो जस्तो लागेको छ।

**० ईपीजीको प्रतिवेदनमा के-के विषयलाई समेटिएको छ भनेर अहिले बाहिर आइसकेको छैन। अनि तपाईं कसरी भन्नुहुन्छ कि सिमानामा तार जाली लगाउने र परिचय पत्र लागू गरिदैछ ?**

– ईपीजीमा संलग्न व्यक्तिहरूले दुवै देशका प्रधानमन्त्रीलाई बुझाउन प्रतिवेदन तयार पारेको छ। त्यसलाई आधार बनाएर विभिन्न मिडियामा खबरहरू आइरहेको छ। त्यसैको आधारमा हामीले यो विषय उठान गरेका हौं। यदि त्यस्तो व्यवस्था हुनुपर्ने भनेर प्रतिवेदनमा उल्लेख भएको छैन भने त राम्रै हो। तर यदि सीमा व्यवस्थापन नै गर्ने हो भने दुई देशका सुरक्षाकर्मीहरू पनि इमान्दार हुन जरूरी छ। नेपालको अपराधी भारतमा र भारतका अपराधी नेपालमा आएर लुक्ने गरेको तथ्य नयाँ होइन। त्यसको व्यवस्थापनका लागि सीमा क्षेत्रका प्रहरी इमान्दार हुने हो भन्ने यस्ता घटना न्यूनीकरण भइहाल्छ। देशमा अहिले सुन काण्ड भएको छ तर यो नेपाल र भारतको खुल्ला सीमानाका कारण भएको होइन,

## सीमा सम्वाद

रक्तचन्दनको खुलेआम तस्करी चीनतिर भइ रहन्छ। पाकिस्तान र भारतकोबीचमा रहेको कश्मीरमा द्वन्द्व धेरै हुन्छ तर त्यहाँ त खुल्ला सीमाना छैन। सीमा बन्द गर्दैमा अपराध नियन्त्रण हुन्छ भन्ने होइन।

**० नेपाल–भारत सीमामा के-कस्ता समस्याहरू देख्नुहुन्छ ?**

– नेपालका किसानको जग्गा भारततिर पनि छ भने भारतका किसानको नेपालतिर जग्गा जमीन रहेको छ। नेपाल र भारतबीचमा राजनीतिक आधारमा सीमा कोरिएको हो परापूर्वक कालदेखि राखिएको सीमा त्यो होइन। राजनीतिका कारणले यस्तो सीमा राखिदिएको हो भन्ने हामीलाई लाग्छ। अहिले पनि सीमानामा त्यति सहज आवाज-जावत छैन। सहज आवाज-जावतको लागि सबै सहज प्रक्रिया अपनाउनु पर्छ। हाम्रो संस्थाले नेपाल र भारत दुवै देशको सीमानामा रहेका जनताको घरघरमा गएर उनीहरूले चाहेको कुरा बुझ्ने प्रयास गर्नेछौं। सीमाका जनताको भावना बुझेर समाधानको बाटोतर्फ लाग्नु नै यो संस्थाको उद्देश्य हो।

**० समय-समयमा सीमा विवादका विषय पनि उठ्ने गरेको छ। त्यस विषयमा तपाईहरूको संस्थाको अध्ययन कस्तो रहेको छ ?**

– सीमा मिचिएको भनेर खबर बारम्बार आउने गरेको छ। देशका ७५ प्रतिशतभन्दा बढी सेना त सीमानामा नै तैनाथ गरिएको छ। उनीहरूको काम हो सीमाको निगरानी गर्ने। यदि कसैले सीमा मिच्छ भने सम्बन्धीत निकायले कारबाही गर्नुपर्छ।

**० तपाईंहरूको अध्ययनले के भन्छ, वास्तवमा भारतले नेपालको सीमा मिच्ने गरेकै हो ?**

– त्यस्ता समस्याहरू हाम्रो संस्थामा आएको छैन। मेरो घर सीमा क्षेत्रमै पर्छ। हाम्रो गाउँको केही मान्छेहरूको जग्गा आधा नेपाला छ भने आधा भारतमा छ। यो संस्थाको गठन भएदेखि यस्ता घटना मैले देखेको छैन। कतै त्यस्तो समस्या छ भने दुई देशका सुरक्षाकर्मी, राजनीतिककर्मी बसेर आपसी समझदारीमा सीमाको समस्या समाधान गनुपर्छ।

**० नेपाल र भारतबीचको सम्बन्धमा जुन उतार-चढाव आउने गरेको छ यसलाई कसरी हेर्नुभएको छ ? दुई देशका बौद्धिक व्यक्तिहहरूलाई राखेर बनाइएको ईपीजी हुँदाहुँदै तपाईहरूलाई यस्तो संस्था गठन गर्नुपर्ने आवश्यक्ता किन पर्‍यो ?**

– ईपीजीका सदस्यहरू विद्वान हुनुहुन्छ तर उहाँहरू बोर्डरको विज्ञ हुनुहुन्न। उहाँहरूले बोर्डरको जनताको पीडा हेर्नुभएको छैन। उहाँहरूको सम्बन्ध मधेश र बिहारसँग होइन, काठमाडौं र दिल्लीसँग रहेको छ। हामीबीच रोटीबेटीको मात्र होइन, पशुपतिनाथ र काशी तथा विश्वनाथसँग, जानकी र अयोध्यासँग सम्बन्ध छ। परापूर्व कालदेखि नेपाल र भारतको ऐतिहासिक सम्बन्ध रहेको छ। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मुक्तिनाथ र जनकपुर भ्रमण गर्नुभएको थियो। त्यही कारणले अहिले यो क्षेत्रमा पर्यटकको संख्या उल्लेख मात्रामा वृद्धि भएको छ। यदि नेपाल-भारत सीमानामा तारबार गरियो भने पर्यटकको संख्यामा कमी आउनुको साथै अन्य विभिन्न समस्याहरू आइरहनेछ।

**० नेपाल-भारत प्रबुद्ध समूहले प्रतिवेदन तयार पारेको छ। प्रतिवेदनले सीमा क्षेत्रका जनताको भावना समेट्न नसकेको हो ?**

– सीमा क्षेत्रको भावना समेट्न त्यहीं क्षेत्रका जनता पनि त्यो समूहमा हुनुपर्दथ्यो। सीमा क्षेत्रमा भएका व्यक्तिहरूको सल्लाह लिनु पर्दथ्यो। उहाँहरू मधेश कति घुम्नुभएको होला र यहाँको पिडा बुझ्नुहुन्छ। उहाँहरू सिधैं काठमाडौंबाट दिल्ली जानुहुन्छ र दिल्लीबाट काठमाडौं जानुहुन्छ। यसरी सीमाको समस्या बुझ्न सकिदैन। यहाँको समस्या बुझ्न पटनाबाट जनकपुर, जोगबनीबाट विराटनगर, रक्सौलबाट वीरगन्ज, गोरखपुरबाट भैरहवा आउने मानिसको आवश्यक्ता छ। जसले सीमाको समस्या बुझ्न सक्छ।

**० प्रबुद्ध व्यक्तिको समूहले सीमा क्षेत्रमा स्थलगत निरीक्षण र अध्ययन पनि गरेको छ नि ?**

– अध्ययन र निरीक्षण गर्नु र त्यहीँ बस्नुमा अन्तर हुन्छ। हाम्रो जन्म त्यहीँ भएको हो। त्यहाँको पीडा जति मलाई थाहा हुन्छ त्यति नेपाल-भारत सीमाको विषयमा पिएचडी गरेको व्यक्तिलाई थाहा हुँदैन।

**० सिमानामा तारबार गर्ने र जाली लगाउने वा परिचय पत्रको व्यवस्था हुने भन्ने अहिलेसम्म आशंका मात्र छ, खासगरी सीमा व्यवस्था कसरी गर्नुपर्ने हो ?**

– सीमा त व्यवस्थित नै छ। सीमामा दुई देशका प्रहरी जवानहरू खटिएका छन्। उनीहरू इमान्दार हुनुपर्ने तथा देश र जनताप्रति समर्पित भई काम गर्ने प्रशिक्षण उनीहरूलाई दिनुपर्छ। सीमा आफैं व्यवस्थित हुन्छ।

**० अहिलेसम्म सिमानामा खटिएका नेपाल र भारतका सुरक्षाकर्मीहरू प्रशिक्षित छैनन् ?**

– यदि प्रशिक्षित भइदिएको भए अपराधीहरू आउने-जाने, गाँजा चरेशको लुकीछिपी ओसार पसार गर्ने, सानातिना सामानहरूको तस्करीको समस्या समाधान भईसक्थ्यो। नेपाल भारतको सीमानामा राजस्व पनि चुहावट हुने गरेको छ। यसमा सरकारले विशेष ध्यान दिनुपर्छ। अवैज्ञानिक किसिमबाट राजस्व संकलन गर्ने जुन संयन्त्र छ यसमा सुधारको आवश्यक्ता छ।

**० नेपाल भारत सीमा संवाद समूहले के–के कार्य गर्छ ?**

– हामीले छलफल चलाउने हो र के निष्कर्ष निस्कन्छ त्यो मिडियाक मार्फत सार्वजनिक गर्छौं। हामीले संवाद गर्दा विभिन्न क्षेत्रका विज्ञहरूको सुझावलाई आधारमा बनाएर रिपोर्ट तयार गर्छौं र दुवै देशका सरकारलाई बुझाउँछौं।

**० तपाईंहरूको संवाद समूहले गर्ने कामबाट दुई देशबीचको सम्बन्धमा कस्तो किसिमको प्रभाव पर्छ ?**

– दुई देशको सम्बन्ध अहिले पनि राम्रो छ। पछि पनि राम्रो होस्, अझ प्रगाढ होस् भन्ने हाम्रो चाहना हो। यो सम्बन्धको निरन्तरता होस् भन्ने हाम्रो संस्थाको उद्देश्य हो। दुई देशको बीचमा रहेको पर्यटकीय, सांस्कृतिक सम्बन्ध कायम रहोस् भन्ने हाम्रो संस्थाको मुख्य उद्देश्य हो।

## नेपाल-भारत सीमा क्षेत्रमा सशस्त्रको टोली रहने

काठमाडौं। इलाम जिल्लाको नेपाल भारत सीमा क्षेत्रमा सशस्त्र प्रहरी बलको सुरक्षा टोली राख्न स्वीकृति दिइएको छ। नेपाल भारत सीमा क्षेत्रका नेपाली नागरिकले लामो समयदेखि सीमा क्षेत्रमा सुरक्षाको व्यवस्था गर्नुपर्नेमा माग गर्दै आएका थिए। सीमा क्षेत्रका नेपाली नागरिकको लामो समयदेखिको मागलाई सम्बोधन गर्दै इलामको सीमा क्षेत्र पशुपतिनगरमा पहिलो चरणमा सशस्त्र प्रहरी बलको सीमा सुरक्षा पोष्ट स्थापनाका लागि सरकारले स्वीकृत दिएको हो। जिल्ला सुरक्षा समितिले इलामको नेपाल भारत सीमा क्षेत्रका पशुपतिनगर, मानेभञ्ज्याङ, छब्बीसे र सन्दकपुर क्षेत्रमा सीमा सुरक्षा बलको टोली राख्ने स्वीकृत मागेको थियो। सुरक्षा समितिको सिफारिशका आधारमा सरकारले पहिलो चरणमा सूर्योदय नगरपालिका-२ स्थित पशुपतिनगरमा सशस्त्र प्रहरी बलको सीमा सुरक्षा पोष्ट राख्न स्वीकृति दिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए। सीमा सुरक्षा पोष्टमा प्रहरी निरीक्षकको नेतृत्वमा ३७ जनाको टोली रहने छन्।

समृद्ध नेपाल सुखी नेपाली, सामाजिक सेवा सबैको जिम्मेवारी ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

स्थानीय सम्वाद

# दुहबीमा अर्बौंको विदेशी लगानी ल्याउँदैछौं



## वेद नारायण गच्छदार

### मेयर, दुहबी नगरपालिका, सुनसरी

**० दुहबी नगरपालिकाको मेयरको रूपमा निर्वाचित भइसकेपछि के कस्ता कार्यहरू गर्नुभयो ?**

– यस नगरपालिकामा धेरै कामहरू भएका छन्। यो नयाँ नगरपालिका पनि हो। यो नगरपालिकालाई सही रूपमै नगरपालिकाको रूपमा स्थापित गर्न लागेका छौं। पहिलो आर्थिक वर्षमा आइओडीपी (इन्टिग्रेटेड अर्बन डेभलपमेन्ट प्रोजेक्ट) तयार गरिसकेका छौं। त्यस हिसावले दीर्घकालीन र समकालीन योजनाहरू पनि बनाएका छौं। त्यस्तै, यस आर्थिक वर्षमा सबै डिपिआर गर्दै नगरसभाबाट पारित गरेर कार्यान्वयनमा लाँदैछौं। यस नगरपालिकालाई शहरीकरण गर्नका लागि सडक सञ्जालको सन्दर्भमा निर्वाचित हुने बित्तिकै मापदण्ड तयार पार्‍यौं। त्यहीं अनुसार सडकहरूको प्रारम्भिक कार्य विस्तार भएर मुख्य सडकहरूमा जोड्ने काम भइसकेको छ। यो नगरपालिकाको समृद्धिका दुई वटा आधार छन्, पहिलो कृषि र दोस्रो उद्योग। यसकारणले दुईटैलाई समेटेर हामीले योजनाहरू बनाई कार्यान्वयनतर्फ लगिरहेका छौं। पशुपालनतर्फ कृषकलाई आकर्षित गर्नका लागि विभिन्न योजनाहरू बनाएका छौं।

**० दक्ष जनशक्ति उत्पादनका लागि के कस्ता योजनाहरू छन् ?**

– दक्ष जनशक्ति उत्पादनका लागि हामी युवाहरूका लागि विभिन्न किसिमका तालिमहरू दिएका छौं। मनमोहन पोलिटेक्निकसँग समन्वय गरेर दुहबीमा रहेका उद्योगहरूमा आधारित दक्ष प्राविधिक उत्पादन गर्नेतर्फ लागेका छौं। अहिलेसम्म हामीसँग सामान्य कामका लागि पनि प्राविधिक नहुँदा छिमेकी राष्ट्र भारतबाट ल्याउनुपर्ने अवस्था थियो। त्यो परम्परालाई तोडेर पहिलो चरणमा ४२ जना प्राविधिक तयार गरेका छौं। उद्योगहरूमा युवालाई आकर्षित गर्न तालिमहरू दिई स्वदेशमै रोजगारीको अवस्था सिर्जना गर्दैछौं। वैदेशिक रोजगारभन्दा पनि यही बसेर राम्रो आम्दानी गरोस् भन्ने त्यतातिर पनि हामी योजनाहरू अगाडि बढाउँदैछौं। यस्तै, अन्य धेरै हाम्रा योजनाहरू छन् जसले यो नगरपालिकालाई नमुना नगरपालिका बनाउन सक्छौं।

**० पर्यटकीय स्थलको सम्भावना कति छ दुहबीमा ?**

– यस नगरपालिकामा पर्यटक भित्र्याउने पनि हाम्रो योजना छ। जसका लागि हामी बृहत् किसिमको 'वाटर पार्क' को योजना अगाडि सारेका छौं। यसका लागि हामीले यसै वर्षमा रू. ५० लाख छुट्याएर डिपिआरसहितको प्रारम्भिक कार्यहरू यसैपालीदेखि थाल्ने छौं।

**० दुहबीमा विदेशी लगानीको अवस्था कस्तो छ ?**

– कतार सरकारको तर्फबाट एउटा ठूलो सहयोग आउने आश्वासन आएको छ। केन्द्रीय श्रममन्त्री गोकर्ण विष्ट र उहाँसँगै मन्त्रालयका सचिव, प्रदेशका सामाजिक विकासमन्त्रीको उपस्थितिमा मन्त्रीज्यूले हामीलाई कमिटमेन्ट गर्नुभएको छ। अरब कन्ट्रीबाट आउने अर्बौंको फन्ड हामीले लगानी गर्दैछौं। यसकारणले यसप्रति हामी आशावादी छौं। यस्तै, अन्य योजनाहरू पनि छन्।

**० तपाइँका योजनाहरू पूरा गर्न कतिको चुनौतीहरू छन् ?**

– हामीले बनाएका योजनाहरू पूरा गर्न कुनै पनि चुनौती छैन। आइओडिपी बनाउनका लागि जर्मन सरकारको सहयोगमा सञ्चालित छ, नेपालभरिमा जम्मा ९ वटा नगरपालिकाले मात्रै त्यो अवसर पाएको छ। जसमा नयाँमध्ये दुहबी नगरपालिकाको म मेयरको हैसियतले अघिल्लो वर्षमै ल्याउन सफल पनि भएँ। दुहबी नगरपालिकालाई सम्पूर्ण कुराले सुविधा सम्पन्न बनाउन ५१ अर्बको दश वर्षे योजना हामीले बनाएका छौं। यद्यपि यो ठूलो महत्वाकांक्षी योजना हो। हामीलाई काम गर्न चुनौती छैन। हामीसँग आम जनताको पनि साथ छ। चुनौती भनेको अर्थको मात्रै हो। मुलुक अहिले संघीय व्यवस्था गइसकेको छ। ७० प्रतिशत बजेट प्रदेश र स्थानीयमा दिनुपर्ने हो तर अहिले पनि ती संघीय सरकारले राखेको छ।

**० दुहबीमा सुकुम्वासी समस्या कस्तो छ ?**

– दुहबीको एउटा ठूलो चुनौती भनेको सुकुम्वासी हो। यहाँ दशौं हजार सुकुम्वासी रहेका छन्। यसपटक हामीले दुई सय सुकुम्वासीलाई व्यवस्थित बस्तीअन्तर्गत ल्याएर घर बनाइ दिएका छौं। अन्य संघसंस्थासँग पनि सहकार्य गरेर उनीहरूका लागि एकैनाशको घर बनाइदिन ७५ लाख रूपैयाँ छुट्याएका छौं। त्यसमा अहिले करूणा फाण्डेशन र प्रदेश सरकारले पनि साथ लिने कुरा गरेको छ। हेविटेट फोर ह्युमन रिसोर्सले पनि ४० वटा घर बनाउने भनेर हामीसँग प्रारम्भिक रूपमा कुरा गरेको छ। यसपटक हामीले कमसेकम दुई सय सुकुमवासीलाई घर बनाएर दिने र तिनीहरूलाई स्वरोजगार बनाउन योजना अगाडि सारेका छौं।

**० निर्वाचनका बेला तपाइँले गरेका प्रतिबद्धताहरू कति पूरा भए ?**

– मैले गरेका प्रतिबद्धताहरू पूरा हुने क्रममा छन्। निर्वाचनका बेलामा मैले जे जे प्रतिबद्धताहरू व्यक्त गरेको थिएँ ती कुराहरू पाइपलानमा छिरिसकेको छ। मैले रिंगरोडको कुरा गरेको छु, त्यसको डिपिआर हुँदैछ। त्यसकारणले कतिपय दीर्घकालीन योजनाहरू त्यसलाई पूरा गर्न निश्चितरूपमा समय त लाग्छ।

**० तपाइँहरूको काम गराईले जनता सन्तुष्ट छन् ?**

– पूरै सन्तुष्ट छन् भनेर त भन्दिँन, झुठो कुरा पनि बोल्नुभएन। तर आशा जागेको छ।

**० जसरी सिंहदरबार गाउँ-गाउँमा भनिन्थ्यो, यो नारा दुहबीका जनताले महसुस गरेका छन् ?**

– सिंहदरबार गाउँ-गाउँमा भन्ने नाराको सन्दर्भमा जनताले धेरै कुराहरूमा सेवा सुविधा पाइरहेका छन्। तर, जनताले जुन कल्पना गरेका थिए त्यस अनुसार छैन। केही हदसम्म महसुस गर्न सकेका छन्।

**० तपाइँको नगरपालिकामा करको अवस्था कस्तो छ ?**

– बाहिर जसरी चर्चा छ कि कर बढ्यो भन्ने कुरामा हामी बढाएकै छैनौं। छेउछाउका नगरपालिकाभन्दा दुहबी नगरपालिकामा कर अलि कम नै छ। हिजो जिल्ला विकास समितिले कर लिन्थ्यो तर अब नगरको अधिकारमा आयो। तर, नगरपालिकाले पनि कर लिन थाल्यो भनेर बदनाम गर्ने काम मात्र भएको छ। तर हामीले कुनै नयाँ कर थप गरेका छैनौं। करको दर बढाउनेभन्दा पनि म करको दायरा बढाउनेमा विश्वास गर्छु। हामीले त्यो दायरा बढाउने काम मात्रै गरेका छौं। तर करै बढाएर व्यवसायीलाई तर्साउने अथवा जनतालाई दुःख दिने जस्ता काम गरेका छैनौं।

# विश्व परिवेश

## अमेरिका-चीन व्यापारयुद्ध उत्कर्षमा

एजेन्सी । विश्वका प्रमुख दुई आर्थिक शक्तिको व्यापार युद्ध गत जुलाई देखी सतहमा आएको छ । हालै मात्रै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले थप दुई सय अर्ब अमेरिकी डलरबराबरका चिनियाँ साम्रगी निर्यातमा १० प्रतिशत कर लगाएका छन् । ट्रम्पको यस कदमसँगै अमेरिका-चीन व्यापारयुद्ध उत्कर्षमा पुगेको छ । लगत्तै चीनले अमेरिकी कदमको प्रतिवाद गर्ने घोषणा गरेको छ । तर, व्यापार युद्धबाट चीनले धेरै नोक्सानी व्यहोर्नुपर्ने देखिएको छ । सन् ०१७ मा चीनले अमेरिकासँग पाँच खर्ब ६ अर्बबराबरका वस्तु निर्यात गऱ्यो । सोही समय चीनले अमेरिकाबाट एक खर्ब ३० अर्बबराबरका सामग्री आयात गऱ्यो । डलरमा हुने आयात र निर्यातबीचको ठूलो अन्तरले गर्दा व्यापारयुद्धले चीनलाई बढी प्रभावित गर्ने देखिन्छ । अमेरिकी कर योजनाको बदलामा अमेरिकी निर्यात सामग्रीमाथि भर लगाउँदा चीन पछि पर्ने स्थिति छ । यसैबीच, चीनका पूर्वअर्थमन्त्री तथा चीनको सामाजिक सुरक्षा कोषको राष्ट्रिय परिषद्का प्रमुख लाउ जिवेईले चीनका कम्पनीलाई आवश्यक पर्ने मध्यवर्ती सामग्री निर्यात बन्द गर्ने प्रस्ताव अघि बढाएका छन् ।



यसरी, कम्पनीमा पनि तीनदेखि पाँच वर्षसम्म अमेरिकाको आपूर्ति सन्तुलन खलबल रणनीति जिवेईको छ । चीनले यस्तो कदम चालेको खण्डमा अमेरिकाको मध्यावधि निर्वाचनलाई प्रभावित गर्नेछ । चीनको यो दाउ अमेरिकाका लागि बन्ने निकै पीडादायक बनन सक्छ । अमेरिकाका बन्ने धेरै उत्पादनका लागि अमेरिका चीनमा भर पर्दै आएको सत्य हो । अमेरिकी कम्पनीका लागि आवश्यक सामग्री चीनले रोकेको अवस्थामा अर्को विकल्प नखोजुन्जेल मात्र अमेरिकी कम्पनीलाई अल्पकालीन असर गर्छ । अमेरिकी कम्पनीलाई निसाना बनाउने चिनियाँ कदमले अमेरिकी अर्थतन्त्रलाई पक्कै पनि असर गर्नेछ । अमेरिकी कम्पनीलाई निसाना बनाउने चिनियाँ कदमले अमेरिकी अर्थतन्त्रलाई पक्कै पनि असर गर्नेछ । प्रत्युत्तरमा अमेरिकाले पनि चीनलाई आवश्यक मध्यवर्ती वस्तु निर्यातलाई रोकेको खण्डमा अझ बढी असर चीनको अर्थतन्त्रलाई गर्नेछ । अमेरिकाले रोक्ने सक्ने सम्भावित मध्यवर्ती वस्तुमा अत्याधुनिक सेमिकन्डक्टर पर्न सक्छन् । गत अप्रिलमा अमेरिकाले चिनियाँ बहुराष्ट्रिय टेलिकम्युनिकेसन कम्पनी जेडटिईले अमेरिकी व्यापार नियम उल्लंघन गरेको आरोपमा जेडटिईलाई आवश्यक चिपमाथि प्रतिबन्ध लगाएको थियो । परिणामस्वरूप, जेडटिई बन्द हुने स्थितिमा पुगेको थियो । अमेरिकाले माफी नगरेको भए जेडटिई मोबाइलको उत्पादन बन्द हुने खतरा थियो । ठूलो जेट निर्माणका लागि आवश्यक पार्टपुर्जाको निर्यात रोकेको खण्डमा चीनलाई अप्ठेरो पर्छ । गुगलले चिनियाँ स्मार्टफोन सफ्टवेरलाई गर्दै आएको सहयोगमाथि पनि अमेरिकाले प्रितिबन्ध लगाउन सक्छ । यसकारण, व्यापारयुद्धको बदला लिने उद्देश्यले चीनले अमेरिकी कम्पनीलाई आवश्यक गर्ने सामग्रीको निर्यात रोक्दा सोर्झ नीति अमेरिकाले लिए चीन झनै अप्ठेरोमा पर्छ । वास्तवमा लगाउने प्रस्तावले दुवै देशलाई धराशयी बनाउने देखिन्छ । एक देशले अर्को देशमाथि आर्थिक हमला गरेको अवस्थामा असर दुवै देशलाई गर्छ । यस्तो हमलामा दुवै देश हार्नेछन् । यसकारण, अवस्था थप खराब बनाउनेभन्दा पनि व्यापारयुद्धलाई संवादको माध्यमबाट दुवै देशले सुल्झाउनुपर्छ ।

# पत्रपत्रिकाबाट...

## विश्वकै सबैभन्दा ठूलो स्वास्थ्य योजना लागू

काठमाडौं । नेपालमा स्वास्थ्य बिमा कार्यक्रम लागू गर्ने सम्बन्धमा बहस चलिरहेका बेला भारतमा भने विश्वकै सबैभन्दा ठूलो मानिएको स्वास्थ्य बिमा योजना लागू गरिएको छ । आइतबार औपचारिक रूपमा सुरू गरिएको आयुष्मान भारत(प्रधानमन्त्री जनआरोग्य योजना) बाट १० करोडभन्दा बढी परिवार लाभान्वित हुनेछन् । करिब १० करोड परिवारलाई लक्षित स्वास्थ्य बिमासम्बन्धी'आयुष्मा न भारत योजना' को आइतबार झारखण्डमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले औपचारिक रूपमा उद्घाटन गरेका छन् । राजनीतिक विश्लेषकहरूले यो कार्यक्रमलाई आगामी वर्ष हुने लोकसभा चुनाव लक्षित ठानिएको छ । कार्यक्रमको औपचारिक शुभारम्भ मोदीले यसलाई गरिबहरूको जीवनस्तर सुधार्न योजनाले 'गेम चेन्जर' भएको दाबी गर्नुलाई पनि कार्यक्रम चुनाव लक्षित रहेको संकेत गर्छ । जनस्वास्थ्यसम्बन्धी विश्वकै सबैभन्दा बृहत् मानिएको यो कार्यक्रम पहिलो चरणमा १ हजार २ सय ८० अस्पतालमा परीक्षणका रूपमा लागू गरिएको छ । औपचारिक रूपमा भने २५ सेप्टेम्बरदेखि लागू हुने बताएको छ । पहिलो चरणमा विभिन्न २९ राज्यका ४४५ जिल्लामा योजना लागू हुनेछ । दिल्ली, उडिसा र पश्चिम बंगाललगायत, पञ्जाब,केरला र तेलंगना राज्यले भने कार्यक्रम लागू गर्नका लागि अहिलेसम्म समझदारी गरेका छैनन् । भारतको स्वास्थ्य मन्त्रालयले गरेको एक सर्वेक्षणले करिब ८६ प्रतिशत ग्रामीण र ८२ प्रतिशत परिवार अत्यावश्यक स्वास्थ्य सेवा र बिमाबाट वञ्चित रहेको देखाएको छ । त्यसैगरी सन् २०११ को सामाजिक, आर्थिक र जातिगत जनगणनाअन्तर्गत पहिचान गरेका गरिब जनसंख्या यो योजनाबाट लाभान्वित हुनेछन् । आफू योजना पाउन योग्य छ कि छैन भन्नका लागि कार्यक्रमको सञ्चालक नेसनल हेल्थ एजेन्सीको वेबसाइटमा रहेको लाभग्राहीहरूको सूची हेर्न सक्ने व्यवस्था पनि गरिएको छ । कार्यक्रमले स्वास्थ्य सेवाबाट वञ्चित तिनै १०.७४ करोड परिवारका ५० करोड भारतीलाई समेट्नेछ । जसले वार्षिक ५ लाखसम्मको निःशुल्क स्वास्थ्य सेवा पाउनेछन् । जसमध्ये ८ करोड गाउँका परिवार छन् भने २ करोड ७४ लाख सहरी हुनेछन् । देशभरका १० हजार सरकारी तथा निजी अस्पतालमा लागू गरिने यो योजनाअन्तर्गत गरिबहरूका लागि २ लाख



६५ लाख बेड निःशुल्क उपलब्ध हुनेछ । योजनाअन्तर्गत विभिन्न १ हजार ३५४ वटा हेल्थ प्याकेज रहेका छन् । जसमा क्यान्सर रोगीहरूका लागि केमोथेरापी, रेडियोथेरापी, मुटुको बाइपास सर्जरी, स्नायु, ढाड, आखाँ, दाँतको शल्यक्रियादेखि एमआरआई र सिटिस्क्यानसम्म छन् । योजनामा परिवारको सदस्य संख्या र उमेरको सीमा तोकिएको छैन । कार्यक्रममा हुने खर्च केन्द्र र राज्य सरकार दुवैले बेहोर्ने छन् । केन्द्रले ६० प्रतिशत र राज्य सरकारले ४० प्रतिशत बेहोर्ने भनिएको छ । कार्यक्रम पूर्ण रूपमा लागू भएको खण्डमा वार्षिक करिब ३५ अर्ब भारू लाग्ने अनुमान छ । कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि १४ हजारभन्दा बढी स्वास्थ्यकर्मीहरू परिचालन गरिएको छ । प्रत्येक स्वास्थ्य संस्थामा आयुष्मान मित्र हेल्थ पनि स्थापना गरिने जनाइएको छ । कान्तिपुरबाट



## मोहर्रम मनाइयो

**इमरान खान**

कपिलवस्तु । कपिलवस्तुमा इस्लाम धर्मावलम्बी मुस्लिमहरूले महान चाडपर्ब मोहर्रम हर्सौउल्लासका साथ मनाएका छन् । आज देखी लगभग १३८० वर्ष पहिला संन ६१ हिजरीमा जब ईस्लाममाथि एजिदोने हम्ला गरे अर्थात एजिदी हरू जुन ईस्लाम जायज जसलाई नजायज बनाउना लाई, जुन हराम छ उसलाई हलाल गर्नलाई अच्छाई (सत्यता) छ त्यसलाई मेटाउनलाई एउटा एजिद नामका मानिस जुन हजरत अमिर माबियाको छोरा इजिद थियो ।

जब यो कुरा गरे त्यतिवेला मक्का मदिना दमिस्क एहाक र त्यसको अलावा देश माथि उसले जबरजस्ति हुकुमुत गर्न थाले जबा एमामे हुसेन ले उस्को खिलाफ अवाज उठाउन थाले एमामे हुसेन जुन इस्लामको धर्म गुरू हजरत सल्लाहो ताला वोय वसल्लाम को ( नेवासा ) छोरी को छोरा जमिए एजिदले एमामे हुसन सित वाएत (समार्थन) गर्न भने कि मेरो पछाडि तिमी हिडाँ तबा एमामे हुसेन ले त्यसको कुरा मानेनन (इनकार गरे) त्यस कारण एजिद एउटा जालिम, जाबिर, जनाकार, सराबी, बुराई लाई अगाडी बढाउने मान्छे थियो त्यस कारण एमामे हुसेन ले उसको समर्थन नागर्न भने पछि मुलके एराक एउटा शहर कोफा को नजिक जुन फरात नदीको किनारमा एउटा मैदान (ठाउँ) थियो जसको नाम करबला थियो उक्त ठाउँमा धोका दिएरा एमामे हुसेन लाई बोलाएर १० मोर्हरम मा उनि सित लडाई भयो र एमामे हुसेन संग बच्चा, आईमाई तथा बुढा पाखाहरू मिलाई ७२ जना थिए भने एजिद संग २२००० जना सेनाको फौज थियो दुई पछ बिच लडाई भयो र जसमा धेरै जनको मृत्यु भयो । र संगै एमामे हुसेन पनि सहिद हुनु भयो यस कारण इस्लामिक मोर्हरम को १० तारिख जुनकी अरबी वर्षको पहिलो महिना हो ।

# जिल्ला समाचार

## नेपालगन्जमा वृहत् जनप्रदर्शन

नेपालगन्ज । प्रहरी हिरासतमा मृत्यु भएका राम मनोहर यादवको शव आज २५ दिनदेखि प्रहरीले अस्पतालमै राखेको छ । अन्तिम संस्कार गर्न परिवारलाई शव नदिएको र मृत्युको कारणबारे पोष्टमार्टम रिपोर्ट सार्वजनिक नगरेको भन्दै नेपालगन्जमा बृहत् जनप्रदर्शन भएको छ । गत भाद्र ७ गते बर्दिया जिलामा गिरफ्तार भइ भाद्र १५ गते प्रहरी हिरासतमै मृत्यु भएका बाँकेका राम मनोहर यादवको शव अझै पनि परिवारलाई नदिई उनको आत्मालाई बन्दी बनाएको आरोप स्वतन्त्र मधेश गठबन्धनले लगाएको छ । गठबन्धनले राम मनोहरलाई शहीद घोषणा गर्नुपर्ने, परिवारलाई राहत दिनुपर्ने, पीडकलाई कारबाही गर्नुपर्ने माग राख्दै आएको छ । यी मागहरू पूरा नभएको भन्दै बाँकेवासी आक्रोशित भएका छन् । मंगलबार त्रिवेणी मोड हुँदै कमल मधेशी चौकलाई परिक्रमा गरी सिडिओ कार्यालय अगाडि भीड जनसभामा परिणत भएको थियो । अत्याधिक आक्रोशित भीडलाई नियन्त्रण गर्न स्वतन्त्र मधेश गठबन्धनका कार्यकर्ताहरूलाई हम्मे-हम्मे परिरहेको थियो । जनप्रदर्शनलाई सम्बोधन गर्ने क्रममा प्रमुख वक्ताहरू हरपाल सिंह, राजितराम बर्मा, रियाज अन्सारी, मन्साराम यादव, देवराज मौर्य लगायतले सरकारको कडा आलोचना गरि निन्दा गर्दै परिवारलाई आज २५औ दिनमा पनि शव नदिएको प्रति आक्रोश र दुःख व्यक्त गरेका छन् । यता, बाँके प्रहरीका प्रमुख एसपी र जिल्ला प्रशासनका प्रमुख सिडियोले स्वतन्त्र मधेश गठबन्धनका राष्ट्रिय प्रवक्ता अब्दुल खान र पश्चिम क्षेत्रीय संयोजक इरफान शेषलाई कुनै पनि कार्यक्रममा सहभागी नहुन उर्दी नै जारी गरेको गठबन्धनले जनाएको छ । देखिने बित्तिकै गिरफ्तार गर्ने चेतावनी पनि दिँदै आइरहेको इरफान शेषले जनाएका छन् ।

## अनिश्चितकालीन रिले अनसन

सर्लाही । पूर्वघोषित आन्दोलनको कार्यक्रमअनुसार शनिबारदेखि शैक्षिक माफियाहरू विरूद्ध अनिश्चितकालीन रिले अनसन थालिएको छ । राष्ट्रिय जनता पार्टी नेपालनिकट विद्यार्थी विद्यार्थी संगठन राष्ट्रिय विद्यार्थी संघले शिक्षामा रहेका विकृतिहरूलाई सुधारका लागि बारम्बार ध्यानाकर्षण गराइएका पनि कुनै सुनुवाई नभएपछि बाध्य भएर रिले अनसन बस्नुपरेको जनाइएको छ । विद्यार्थी संघको आन्दोलनमा राजपा नेपाल सर्लाही, कविलासी नगरपालिका, ब्रह्मपुरी गाउँपालिका, मधेशी पत्रकार समाज, ससफो नेपाल निकट शिक्षक संगठन संघीय शिक्षक फोरम सर्लाही, राजपा नेपाल निकट शिक्षक संगठन नेपाल लोकतान्त्रिक शिक्षक फेडरेसन सर्लाही, नेपाली काँग्रेस निकट नेपाल शिक्षक संगठन,आडरा नेपाल संस्था, नागरिक समाज, सर्लाही टाइम्स पत्रिका जस्ता संघसंस्थाले ऐक्यबद्धता जनाएको छ ।

## अभियानीहरूद्वारा बृहत सरसफाई

वीरगन्ज । जनकपुरका ख्याति प्राप्त स्वच्छता अभियानी तथा प्रदेशसभा सदस्य राम आशिष यादवको प्रमुख आतिथ्यतामा वीरगंज नगवा पोखरीमा सरसफाई अभियान आइतबारदेखि सुरू गरिएको छ । वीरगंजका एसपी, स्थानीय सरकार, ग्रीनसिटि सामुदायिक, स्थानीय अगुवा, सामाजिक कार्यकर्ताहरूको साथै स्थानीय बासिन्दाहरूको सहभागितामा भएको सरसफाई कार्यक्रम प्रतिकात्मक मात्र रहेको सामाजिक अभियन्ता सरोज रायले जनाएका छन् । यसपछि अब स्थानीय बासिन्दाले सरसफाई कार्यक्रमको निरन्तरता दिनु पर्ने हुन्छ र यस कुराको प्रतिबद्धता उक्त वडाको अध्यक्षबाट पनि आएको छ । 'पोखरीमा रहेको फोहर सरसफाई गर्दा पानीमा धेरै माछाहरू मरेको अवस्थामा पाए जसबाट अत्यधिक दुर्गन्ध आइरहेको थियो । आश्चर्य लाग्यो यो देखेर कि कसरि यांहाका वासिन्दा यस्तो दुर्गन्धित पानीमा नुहाई(दुहाइ गरिरहेका छन् । समय मै यो सडेर दुर्गन्धित भएका माछालाई पोखरीबाट सफा गरिएन भन्ने यसले अनेको विमारिलाई अवश्य आमन्त्रण गर्नेछ । यंहा सम्म कि हैजा जस्तो माहामारी फैलिने सम्भावना समेत रहेको छ ।' अभियन्ता रायले उल्लेख गरेका छन् । सरसफाइमा प्रहरी स्वंमसेवक ठुलो संख्यामा सहभागी भएका थिए । कार्यक्रमको अन्तमा सरसफाई सम्बन्धित सानो जनचेतना कार्यक्रममा आयोजकबाट प्रमुख अथितिको साथ एसपीलगायत तराई मधेश राष्ट्रिय परिषद्का सदस्य शशी यादव र सरोज रायलाई सम्मान गरिएको थियो । यत्रो सानो समयमा यो कार्यक्रम आयोजना गर्ने समाजसेवी तथा परिषद्का सदस्य प्रकाश थारू, ओमप्रकाश सर्राफको साथै सज्जन अग्रवाल, कमल चौगाईलगायतको उपस्थिति रहेको थियो ।

## डुबेर मृत्यु भएका परिवारलाई राहत प्रदान

वीरगंज । पर्साको बहुदरमाई नगरपालिका वार्ड नं.९ विश्रामपुरको नदीमा डुबेर मृत्यु भएका परिवारलाई आइतबार राहतस्वरूप ५० हजारका दरले रकम वितरण गरिएको छ । संघीय सामाजवादी फोरम नेपालका नेता पर्सा क्षेत्र नं.३ "ख"का प्रदेशसभा सदस्य प्रहलाद गिरीले एक कार्यक्रमका बीच मृतक परिवारका सदस्य मनोज राउत कुर्मीलाई ५० हजार र खोभारी रौनियारलाई १ लाख रकम राहत स्वरूप वितरण गरेका हुन् । मृतक परिवारलाई जनही ५० हजारका दरले राहत दिने प्रदेश नं.२ का सरकारको निर्णय अनुसार आइतबार प्रदेशसभा सदस्य गिरीले उनीहरूको घरमै पुगेर राहत रकम वितरण गरिएको गिरीका स्वकीय सचिव सुजित गिरीले बताए । राहत वितरण कार्यक्रममा फोरम नेपालका नेता पन्नालाल साह, सामाजवादी युथ फोर्सका पर्सा अध्यक्ष अनुज गुप्तालगायतको उपस्थिति रहेको थियो । यहि भदौ १५ गते ऋषि पंचमीका दिन पर्साको बहुदरमाई नगरपालिकाको ढोंगही खोलामा नुहाउने क्रममा खोलामा आएको बाढीले बगाउँदा खोभारी रौनियारको १४ वर्षीया छोरी पिंकी कुमारी र १२ वर्षीया मान्सी कुमारी तथा मनोज पटेलको छोरी १४ वर्षीया मुन्नीकुमारीको मुत्यु भएको थियो ।

## प्रेस पूर्ण स्वतन्त्र हुनुपर्छ : राज्यमन्त्री यादव

राकेश यादव, रौतहट । संघीय प्रेस फोरम नेपाल जिल्ला कार्य समिति रौतहटको प्रथम जिल्ला अधिवेशन शनिवार सदरमुकाम गौरस्थित जिल्ला समन्वय समितिको सभाहलमा सम्पन्न भएको छ । प्रेस फोरम जिल्ला तदर्थ समिति रौतहटको अध्यक्ष किशोरी यादवको सभापतित्वमा भएको उद्घाटन समारोहमा प्रमुख अतिथिको आसन्नवाट सम्वोधन गर्दै प्रदेश २ का कृषि, भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवले संघीयता र लोकतन्त्रको लागि पूर्ण स्वतन्त्र प्रेस हुनुपर्ने बताएका छन् । प्रेस फोरम विशुद्ध रूपमा स्वतन्त्र रहेको जिकिर गर्दै राज्यमन्त्री यादवले प्रेस माथि अंकुश लगाउन खोजेका मुलुकमा लोकतन्त्र धरापमा परेको उल्लेख गरे । प्रदेश २ का सरकारले प्रेस स्वतन्त्राको पक्षमा रहेको बताए । मधेश आन्दोलनको समयमा गौरमा पत्रकारहरूलाई सटरमा थुनेर सुरक्षाकर्मीहरूले हानेको आश्रु ग्यासको घटनालाई स्मरण गर्दै राज्यमन्त्री यादवले भने सुरक्षा निकायले पत्रकार माथि गर्दै आएको दमन बन्द गर्नु पर्ने धारणा राखे । समितिको उपाध्यक्षमा ओम प्रकाश यादव, राम विश्वास मुखिया, सचिवमा चंचल झा, सहसचिवमा अपर्ण झा, कोषाध्यक्षमा अजित कर्ण, सदस्यमा विश्वनाथ राम, दिपेन्द्र यादव, पप्पु झा, करण मिश्र, दिलिप पाण्डेय, मन्जु कुमारी साह, रिंकी कुमारी साह, जितन यादव, संजिव झा, दिपेन्द्र चौधरी, सल्लाहकारमा बरिष्ठ पत्रकार विनयलाल दास रहेका छन् ।

## कपिलवस्तुको सुठौली भन्सार संचालन

मणि प्रसाद गैह्रे, कपिलवस्तु । यशोधरा गाउँपालिकास्थित सुठौली भन्सार कार्यालय संचालनमा आएको छ । सोमबार अर्थमन्त्री युवराज खतिवडाले भन्सारको उद्घाटन गर्दै सरकारको नीति तथा कार्यक्रम अनुसार भन्सारको स्तरोन्नती गरिएको बताए । उनले समग्र आर्थिक तथा पर्यटकीय क्षेत्रको विकासमा यसले टेवा दिने समेत बताए । सरकारले आर्थिक क्षेत्रको विकासका लागि विभिन्न लगानी मैत्री कार्यकमहरू बनाइरहेको समेत उनले बताए । छोटी भन्सारका रूपमा संचालन हुँदै आएको सुठौली भन्सार कार्यालयमा विधिवतरूपमा अनलाईन सेवा मार्फत निकासी पैठारी सुरू भएको छ । सरकारले गत साउनमा सुठौलीसहित नेपालमा ३४ भन्सार कार्यालय भएका छन् । देशका ५ साना भन्सारलाई स्तरोन्नति गरेको थियो । कार्यकममा सांसद बृजेश कुमार गुप्ताले भन्सार कार्यालयका रूपमा स्तरोन्नति गरिरहेको सुठौलीमा अध्यागमन कार्यालय समेत खडा गर्नु पर्ने माग गरे । उनले यो व्यापारिक नाकालाई भारतबाट बुद्धस्थल भ्रमणमा आउने नाकाका रूपमा समेत विकसित गर्दै लानु पर्ने बताए । त्यस्तै अर्का सांसद अभिषेक प्रताप शाहले कृष्णनगर नाकालाई तेस्रो मुलुकबाट समते आयात निर्यात गर्ने गरी प्रकृया अघि बढाउनु पर्ने बताए । भन्सार बिभागका महानिर्देशक तोयम रायाले सुठौली भन्सारको पुर्वाधरा विकासकालागि बजेट छुट्टाइएको बताए ।


संविधान नमान्नेहरू त छँदैछन्, तर संविधान मान्नेहरूले 'संविधान जिन्दावाद' नाराको असलियतलाई उजागर गर्दै गएका छन् । मधेश सिर्जनात्मक प्रतिरोध गरेर नेपाललाई कुनै पनि प्रकारको कट्टरता र अनुदारपनबाट मुक्त गर्न चाहन्छ । **चन्द्रकिशोर**


एउटा समुदायको महिला माथी आक्रमण हुँदा सम्पूर्ण खर्च व्यहोर्न तयार हुने सरकार न मधेशी बालिकाको हत्यारा समात्न पहल गर्छ, न एसिड अक्रमणमा परेकी बालिकाको उपचार गराउँछ, न अस्पताल बाट लाश उठाउन दिन्छ । केन्द्र सरकारको नश्लवाद कहिले सम्म ? **रानीशर्मा तिवारी**


दिनदिनै बढ्दै गएको महिला हिंसा कम गर्न महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नु आवश्यक देखिन्छ । यसको शुरूवात घरबाट गर्नुपर्छ । अब छोरीलाई हिंसाबाट बच्न सिकाउने होइन कि छोरालाई हिंसा गर्नुहुँदैन भन्ने सिकाउनु पर्छ । **रिता साह**


आलोचनाको सुविधा खोज्दै हिँडेका खगेन्द्र संग्रौला र उनका सहपाठी माछाजस्तै हुन् । जता गाली गर्ने सुविधा मिल्छ, उतै लट्पटिने । उनीहरूले पहिला उपेन्द्र यादवलाई छाँद हालेर ओलीबिरूद्ध वाके, अहिले उही उपेन्द्रले सुरूवालको इजार खोलेर देखाईदिए । अब पालो महन्थको होला ! सीके त परैको कुरा । **रन्जित तामाङ्ग**


इन्दिरा गान्धीको हत्याको योजनाकार भनिएका सिमरनजित सिंह मान जेलबाटै १९८९को भारतीय संसदको निर्वाचनमा ५लाख बढी मतले जीते र भारत सरकारले जनमतको कदर गर्दै उनीमाथिको सबै आरोप फिर्ता गर्यो । हाम्रोमा सत्र हजार चोखिई सके भने टीकापुरका आरोपी रेशम चौघरी अझै कैदमा । यस कारण सीके राउतको नारा बिक्छ । **अनार्य**


मधेशमा तीस देखि पचास हजार घर र राम्रो शहरीकरण सहित बस्ती बनाउने योजना मन्त्रिपरिषद्मा पेश भएकै थियो । दाताहरू तयारै थिए, र प्रचण्डजी सकारात्मक नै हुनुहन्थ्यो रे ? रोक्ने को हुन् ? पत्तो लाऊँ । मधेश छिर्न नदिउँ । भो पुग्यो काठमाण्डौ । यत्तिकै त 'मधेशी घर फर्क' भनेकै छन् । उतै बास बसौंला । **चन्दन कौशिक**


सबै ठेक्का लिए हरिनारायणले । जय मधेशको लहरसँगै चुनाव जितेर सांसद भएपछि छोरा पप्पु (सुमित)लाई कागजी संचालक बनाए । पक्राउ पुजी जारी भएपछि पप्पु भारततर्फ लागे, सांसद बुबा यतै छ । **भुषण यादव**


निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउनु पर्छ, नियतबस बनाउन हुन्न भन्नेको पछि नलागौं । तर, पूरा डिपिआर तयार नहुँदै, निर्माण लागत खर्च कसले व्यहोर्ने टुंगो नभइ रूख काट्न हतार किन ? रूख चाहिँ अहिले काटेर बेचिहाल्ने ? फेरि आबश्यक भन्दा बढी जमिनको रूख किन काट्ने ? **सम्झना**


विरगंज तथ्यांक विभागमा निजामती कर्मचारी भएर ८ महिना काम गर्ने मौका पाँए । बिडम्बना दराजमा राखिएको नक्कली होटेलको रसिदहरू देखेर छक्क परे जुन पेस्की फर्स्योट गर्न प्रयोग गरिदो रहेछ । अझ त्यो भन्दा डरलाग्दो त कर्मचारीहरू अफिसमा बसेर विभिन्न स्थानको कृषि तथ्यांक लिँदा रहेछन् । **परदेशी माइलो**

# राजपाका महामन्त्री सिंह सम्मानित

काठमाडौं । निजामती कर्मचारीहरूको राष्ट्रिय स्तरको ट्रेड युनियन नेपाल मधेशी निजामती कर्मचारी मञ्चले काठमाडौंको बबरमहलस्थित आफ्नै मधेश भवनमा २०७५ सालको वडा दशै, शुभ दिपावली, छठ लगायतका चाडपर्वहरूका लागि आयोजित शुभकामना अदान प्रदान कार्यक्रममा निजामती कर्मचारीहरूको राष्ट्रिय स्तरको ट्रेड युनियन सञ्जालले राजपा नेपालका महामन्त्री विनोद कुमार सिंहलाई सम्मान गरेको छ ।



उपत्यकास्थित मञ्च आवद्ध सदस्यहरू तथा सञ्जालका पदाधिकारीहरूको विशेष उपस्थितिमा आयोजित शुभकामना तथा सम्मान कार्यक्रम निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियनका केन्द्रिय अध्यक्ष पूण्य प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न उपरोक्त कार्यक्रम मञ्चका केन्द्रीय अध्यक्ष भुवनेश्वर चौधरीको अध्यक्षता सम्पन्न भएको हो ।

कार्यक्रममा नेपाल निजामती कर्मचारी संगठनका केन्द्रीय अध्यक्ष केदार प्रसाद देवकोटा, नेपाल निजामती कर्मचारी युनियन संघका केन्द्रीय अध्यक्ष गोपाल प्रसाद पोखरेल, नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतीका केन्द्रीय अध्यक्ष हरी वहादुर रावललाई अतिथिको रूपमा आमन्त्रण गरिएको थियो ।

कार्यक्रममा चाडपर्वहरूको शुभकामना साटासाट गर्दै प्रमुख अतिथि तथा संजालका अतिथि वक्ताहरूले सन्जालका पुर्व सदस्य तथा नेपाल मधेशी निजामती कर्मचारी मञ्चका संस्थापक अध्यक्ष सिंहको ३० वर्षे संघर्षपूर्ण जागिरे जिवनको विश्लेषण तथा प्रशंशा गर्दै राष्ट्रिय जनता पार्टी नेपालको महामन्त्री जस्तो गरिमामय पदको जिम्मेवारी पाएकोमा हार्दिक बधाईका साथ उनको कार्यकालको पूर्ण सफलताको शुभ कामना दिर्दै निजामती क्षेत्रको कर्मचारी ट्रेड युनियन आन्दोलनलाई संस्थागत गर्न पुर्याएको महामन्त्री सिंहको योगदानको उच्च कदर गर्दै सामूहिक रूपमा दोसल्ला ओढाई सम्मान पत्रका साथ सम्मान गरिएको बताएका थिए ।

सम्मान ग्रहण गर्दै महामन्त्री सिंहले निजामती सेवा र निजामती ट्रेड युनियन आन्दोलनवाट प्राप्त गर्नुभएको ज्ञान, शीप र क्षमतालाई आफ्नो राजनैतिक पार्टीको पदीय जिम्मेवारी पुरा गर्दा सामाजिक क्षेत्रको विविध पक्षमा सदुपयोग गर्ने र आगामी दिनमा निजामती सेवालाई गरिमामय सेवाको रूपमा विकास गर्दै निजामती क्षेत्रको कर्मचारी ट्रेड युनियन आन्दोलनलाई थप समृद्ध गर्ने दिशामा आफु हरदम राजनैतिक तथा व्यवहारीक रूपले तत्पर रही रहने प्रतिवद्धता जनाएका थिए ।

सोही कार्यक्रमको समापन मन्तव्यमा मञ्चका केन्द्रीय अध्यक्ष भुवनेश्वर चौधरीले आफ्नो नेतृत्वको कार्य समिति सदैव निवर्तमान अध्यक्ष तथा महामन्त्री विनोद कुमार सिंहको सही सुझाव तथा निर्देशनको लागी प्रतिक्षारत रहने भन्दै कर्मचारीको भुमिकालाई राजनैतिक नेतृत्वले पहिचान दिएकोमा राजपा नेपाललाई धन्यवाद दिनु भएको थिया र साथै अन्य राजनैतिक दलहरूवाट समेत यसतो अपेक्षा राखेको विषयमा जोड दिएका थिए ।

केन्द्रीय उपाध्यक्ष सुजित कुमार झाले सञ्चालन गरेको उपरोक्त शुभकामना तथा सम्मान कार्यक्रममा निजामती सेवामा हालै पदोनती हुनु हने मधेशी कर्मचारीहरूलाई समेत सम्मान गरिएको जानकारी महासचिव बेचन कुमार महतोले दिएका छन् । कार्यक्रममा स्वागत मन्तब्य मन्चका उपत्यका सयोजक बिजय कुमार सिंहले गरेका थिए ।

# केन्द्रिकृत सत्तामा रमाउनेहरू संघीयता कार्यान्वयनको बाधक : मुख्यमन्त्री राउत

विराटनगर । प्रदेश २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले केन्द्रिकृत सत्तामा रमाउनेहरू संविधान र संघीयताको कार्यान्वयन बाधक बनिरहेको आरोप लगाएका छन् । संघीय समाजवादी फोरम नेपाल प्रदेश नं. १ को प्रादेशिक भेलालाई विराटनगरमा सम्बोधन गर्दै पार्टीका उपाध्यक्ष समेत रहेका मुख्यमन्त्री राउतले सो आरोप लगाएका हुन् । राजनीतिक दलका नेताहरूले संघीयतालाई थोरबहुत स्वीकार गरे पनि स्थायी सत्ताका प्रतिनिधिहरूले संघीयतालाई अझै अंगिकार गर्न नसकेको उनको कथन थियो । संविधानमा भएकै व्यवस्थाहरू कार्यान्वयन गराउन सातै प्रदेशका मुख्यमन्त्रीहरूले बैठक बसेर एजेण्डा तय गरेकै कारण प्रधानमन्त्रीले बैठक स्थगित गरेको बताउदै उनले यस प्रवृतिले केन्द्रिकृत मानसिकतालाई अझै प्रष्टाएको बताए ।

मुख्यमन्त्री राउतले प्रदेश नं. २ बाहेक सबै प्रदेशमा एउटै पार्टीको सरकार रहेपनि संघीय सरकारले प्रदेशहरूलाई अधिकार दिन आनाकानी गर्नुमा उनिहरूको नियतमै प्रश्न चिन्ह खडा भएको उल्लेख गरे ।

मुलुकमा मधेशी आदिवासी जनजाति दलित मुस्लिम लगायत पहिचानवादीहरू दुई तिहाईको संख्यामा रहेपनि ई शक्तिहरूबीच आपसी एकता हुन नसक्दा मुठिभरका शासकहरूले राज गरि रहेको बताए ।

संविधानमा रहेका पहिचान र संघीयता सम्बन्धिका प्रावधानहरूलाई संस्थागत गर्दै थप अधिकारका लागि लडदै जाने पार्टीको निति प्रति कुनै द्विविधामा नपर्न नेता कार्यकताहरूलाई आग्रह गर्दै उहाँले पहिचानवादीहरू बीचको एकताले प्रदेश नं. १ मात्र नभई देशैभरमा पहिचानवादीहरूको शासन सत्ता स्थापित हुने बताए ।

## मुद्दाविहीन...

भने विद्रोह अवश्य हुन्छ । यहि विद्रोहका अंगप्रक्तिमा मधेशमा उदाएका छन् डा. सीके राउत । मधेशको समस्या समाधान भयो भनेर सोच्ने सरकारको लागि सीके राउत अबको प्रमुख चुनौती बन्नेछन् । मधेशलाई नेपालबाट अलग गराउनुपर्छ भने अभियान लिएर मधेशमा उत्रिएका सीके राउतको पक्षमा अहिले जनलहर देखिन्छ । राजपा र फोरमको विकल्पको रूपमा सीके राउतलाई मधेशमा चित्रण गर्न थालिएको छ । हामीले छुट्टै मधेश देश खोजेका होइनौं नेपालभित्र समृद्ध र अधिकार सम्पन्न मधेश खोजेका हौं । यदि सरकारले मधेशको मुद्दालाई बेवास्ता गर्दै जाने हो भने मधेशमा सीके राउत प्रवृत्ति झन् हाबी हुँदै जाने निश्चित छ । अहिले जुन संकेतहरू देखिदै आएको छ यसलाई नै बढवा दिने हिसाबले सरकारले कदम अगाडि बढाउनु हुँदैन । संघीय सरकार, फोरम नेपाल, राजपा नेपाल र सीके राउतको द्वन्द्वमा परेर आत्मघाती राजनीतिको चपेटामा मधेश फस्यो भने मधेशको विकास फेरि बर्षौं पछाडि धकेलिन्छ । विखण्डनको बाटो आत्मघाटी बाटो हो यो बाटोमा हामी हिड्नु हुँदैन । लामो संघर्ष व्यहोरिसकेको मधेशले अब विकासको पथमा अगाडि बढ्ने समय आइसकेको छ त्यसैले सरकारले मधेशको मुद्दालाई यथासक्य छिट्टो समाधानको दिशामा अगाडि बढाएर मधेशमा द्वन्द्व रोक्नु अहिलेको आवश्यकता हो ।

## संसदमा...

उनी भन्छन्, 'राम मनोहर यादवको मृत्युको कारण रोग होइन, प्रहरीको यातना हो । प्रहरीले हामीलाई हिरासतभित्र कुटपिट पनि गरेका छन् । राम मनोहरजी विरामी पर्दा सुरूमा प्रहरीले कुनै वास्ता गरेनन् । अवस्था बिग्रिदै गएपछि मात्रै अस्पतालमा भर्ना गरियो । विरामी पर्दा उनका परिवारसँग पनि भेट्न दिइएन । अवस्था नाजुक भइसकेपछि मात्र प्रहरीले एम्बुलेन्समा काठमाडौं पठायो तबसम्म ढिलो भइसकेको थियो । गृहमन्त्रीले संसदमा बोलेका कुराहरू पूर्णरूपमा झुठो हो । राम मनोहरलाई हेलिकप्टरबाट होइन, एम्बुलेन्सबाट काठमाडौं ल्याइएको थियो । मृत्यु भएको करिब १०र१२ दिनपछि गुपचुप पोष्टमार्टम गरियो । हामीलाई अथवा पीडित परिवारलाईसमेत बोलाइएन ।'

## राम मनोहरको...

प्रहरीले गिरफ्तार गरी मंसिर १२ गते मात्रै छोडेको थियो । त्यसैगरी, २०७४ साल आषाढढ २ गते पनि स्थानीय निर्वाचन अगाडि 'नो भोट' को प्रचार प्रसार गरेको आशंकामा यादवलाई नेपाल प्रहरीले पक्राउ गरेको थियो । सो मुद्दामा उच्च अदालत तुलसीपुरको आदेशमा आषाढ १९ गते यादवलाई रिहा गरिएको थियो ।' सुरक्षा निकायबाट नै ज्यान मार्ने धम्की आउन थालेपछि राष्ट्रिय मानव अधिकार आयोग लगायतका मानवअधिकारवादी संघसंस्थाहरूलाई ज्यान रक्षाका लागि ज्ञापनपत्रसमेत बुझाएको गठबन्धनले जनाएको छ ।

यादवका तीन जना नाबालिग छोराछोरी छन् । प्रहरी हिरासतमा मृत्यु भएका राम मनोहर यादवलाई शहीद घोषणा गर्नुपर्ने, यादवको परिवारलाई क्षतिपूर्ति दिनुका साथै उनका बच्चाहरूको भविष्य राज्यले सुरक्षित गर्नुपर्ने, बर्दिया जिल्लाको प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक सहित संलग्न दोषी प्रहरीलाई कारबाही गर्नुपर्ने माग गठबन्धनले नेपाल सरकारसमक्ष राखेको छ ।

## जया प्रदा नेपालको सद्भावना दूत



काठमाडौं । नेपालको पर्यटन प्रवर्द्धनका निम्ति भारतीय संसद्का पूर्व सदस्य एवं कलाकार जया प्रदालाई सद्भावन दूतमा नियुक्ति गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको मन्त्रीस्तरीय बैठकले कलाकार जयालाई आगामी चार वर्षका लागि सद्भावना दूतमा नियुक्त गरेको मन्त्रालयका प्रवक्ता घनश्याम उपाध्यायले जानकारी दिए । मुलुकको आर्थिक आर्जन तथा रोजगारी सिर्जना गर्ने एक महत्वपूर्ण स्रोत पर्यटन क्षेत्र नै भएको र पर्यटकीय हिसाबले भारत नेपालका लागि ठूलो स्रोत बजार पनि भएको सन्दर्भमा यो नियुक्तिले भविष्यमा बलियो आधार तयार पुग्ने विश्वास लिइएको छ । साथै, दुई देशबीच पर्यटन प्रवर्द्धनका गतिविधि अघि बढाउन ऐतिहासिक महत्व राख्ने अपेक्षा गरिएको मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष अभियानको रूपमा मनाएर २० लाख विदेशी पर्यटक भित्रर्यउने लक्ष्य लिएको सन्दर्भमा सद्भावना दूतको माध्यमबाट भारतबाट अधिक सङ्ख्यामा पर्यटक आउने बताइएको छ ।



## आर्थिक समाचार

### दशैंमा २० लाख योजना सार्वजनिक




काठमाडौं । नेपालको नेतृत्वदायी रेमिटेन्स सेवाप्रदायक कम्पनी आइएमईले २०७५ सालमा मनाइने पर्वहरू दशैं, दीपावली र छठलाई लक्षित गर्दै सेवाग्राहीमूखि प्रवर्द्धनात्मक कार्यक्रम 'दशैंमाबिस लाख' योजना सार्वजनिक गरेको –छ । यो योजना २०७५ साल असोज ७ गतेदेखि शुरू भई २०७५ साल मङ्गसिर मसान्तसम्म लागुहुनेछ भने योजना अवधिमा विदेश तथा स्वदेशबाट आइएमई गर्ने सम्पूर्ण सेवाग्राही सहभागी हुनसक्नेछन् । आफ्नो स्थापनाकालदेखि नै विभिन्न सेवाग्राहीमूखि र व्यवसायीक साझेदारमूखि योजना सार्वजनिक गर्दै आइरहेको आइएमईले यसपालीका पर्वहरूमा देश विदेशमा रहेका लाखौं सेवाग्राहीहरूलाई लक्षित गरी यो प्रवर्द्धनात्मक योजना सार्वजनिक गरेको हो । योजना अवधिभर गरिएको ट्रान्जेक्सनलाई आइएमईको सफ्टवेयर पद्धतिमा लिङ्क गरि 'लक्की ड्र' बाट छनोट हुने विजेताहरूमध्ये हरेक दिन १0जनाभाग्यशाली सेवाग्राहीलाई 'आइएमई पे'मार्फतरू.१००० को बिलभुक्तानी, हरेक हप्ता १ जना भाग्यशाली सेवाग्राहीलाई रू.१०,००० नगद, हरेक महिना१ जना भाग्यशाली सेवाग्राहीलाई रू.१ लाख नगद तथा बम्परमा १ जना भाग्यशाली सेवाग्राहीलाई रू.२० (बिस) लाख नगद प्रदान गरिनेछ ।

### करेन्ट चाउ चाउ लञ्च

जलेश्वर । यशोदा फुड्स प्राइभेट लिमिटेडले उत्पादन गरेको करेन्ट तयारी चाउचाउको महोत्तरीको सदरमुकाम जलेश्वरमा लञ्चिङ्ग गरिएको छ । नेपालको मौलिक कला संस्कृति झल्किने पञ्चेबाजा सहितको र्यालीका साथ सदरमुकाम जलेश्वरमा चाउचाउको लञ्चिङ्ग गरिएको जलेश्वरमा यसको मुख्य विक्रेता रहेका फुलबाबु साहले जानकारी दिए । सो अवसरमा कतिपय पसलेहरूलाई निःशुल्क समेत चाउचाउ वितरण गरिएको थियो । जलेश्वरको विभिन्न पसल तथा सोको आसपासको क्षेत्रमा प्रचारप्रसार स्वरूप र्याली निकालिएको बताउँदै साहले बजार मूल्य १९ रूपैयाँ रहेको यस चाउचाउको तौल ७५ ग्राम रहेको जानकारी दिए । अत्याधुनिक प्रविधिबाट तयार गरिएको उक्त चाउचाउ गुणस्तरीय तथा स्वादिलो रहेको र हरेक प्याकेटभित्र कुपन रहेको बताउँदै मुख्य विक्रेता साहले भने, 'हरेक कुपनमा मोबाइल, साइकल, क्रिकेटबल, भलिवल, फुटबल, क्रिकेट व्याटसहित नगद उपहार रहेको छ ।' सो कम्पनीका एरिया म्यानेजर सुनील झाले यो चाउचाउ खानमा स्वादिलो, पकाएर धेरै समयसम्म राख्दा पनि स्वादमा फरक नपाइनेजस्ता विशेषताहरू रहेका कारणले चाउचाउको माग बढ्दै गएको बताउँदै प्रचारप्रसारका लागि सबै ठाउँमा पुगिरहेको बताए ।

### मारूतीलाई अन्तर्राष्ट्रिय मान्यता

काठमाडौं । मारूती सिमेन्टले अन्तर्राष्ट्रिय स्तरको मापदण्ड प्राप्त गर्नुका साथै सम्मानित भएको छ । नेपाल गुणस्तर तथा नापतौल विभागबाट अन्तर्राष्ट्रिय स्तरको मापदण्ड प्राप्त गर्ने क्रममा क्लिंकर ओपीसी सिमेन्ट उत्पादन तथा बिक्रिवितरणका लागि एनएस्/आईएसओ ९००१:२०१५ र क्लिंकर-क्रसिङ, ग्राइन्डिङ र क्लिंकराइजेसन एवं ओपीसी सिमेन्ट(ग्राइन्डिङर प्याकिङ) का लागि एनएस/आईएसओ१४००१:२०१५द्वारा सम्मानित भएको कम्पनीको विज्ञप्तिमा छ ।

## परराष्ट्रमन्त्री ज्ञवाली र भारतीय समकक्षी स्वराजबीच भेट



काठमाडौं । परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा भारतीय समकक्षी सुषमा स्वराजसँग भेटवार्ता गरेका छन् । संयुक्त राष्ट्रसङ्घको महासभाको ७३औं अधिवेशनमा भाग लिन दुवै मुलुकका परराष्ट्रमन्त्री अमेरिकाको न्युयोर्क गएका हुन् । उक्त अवसरमा दुईपक्षीय हित तथा चासोका विषयमा छलफल भएको थियो । छलफलमा यसअघि दुवै मुलुकबीच भएका सम्झौताअनुसार सञ्चालन भएका विकास परियोजनालाई थप गति दिने सहमति भएको परराष्ट्र सचिव शङ्करदास वैरागीले जानकारी दिए ।

## भारतीय राज्यमन्त्री नेपाल आउँदै

काठमाडौं । भारत सरकारका पेट्रोलियम तथा नेचुरल ग्यास हेर्ने राज्यमन्त्री धर्मेन्द्र प्रधान शुक्रवार काठमाडौं आउने भएका छन् । राज्यमन्त्री प्रधान सेप्टेम्वर २८ तारिखमा काठमाडौं आउने र ३० तारिखमा फर्किने कार्यक्रम रहेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ । एक कार्यक्रममा सहभागी हुन काठमाडौं आउन लागेका राज्यमन्त्री प्रधानले नेपालमा रहँदा राजनीतिक भेटवार्ता गर्ने छन् । उनी भारतीय सत्तारूढ दल बिजेपीका प्रभावशाली नेता समेत हुन् ।

## लेख/रचना तथा प्रतिक्रिया पठाउन आग्रह

**मधेशको समसामयिक विषयमा लेख/रचना पठाउन तथा मधेशवाणीमा प्रकाशित समाचार, विचार वा अन्तर्वार्ताबारे आफ्नो प्रतिक्रिया निम्न ठेगानामा पठाउन पाठकवर्गमा अनुरोध गरिन्छ ।**

Email : madheshvani@gmail.com
Facebook : facebook.com/madhesh vani
Twitter : twitter.com/madheshvani

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं